"सुखी सदस्य, दिगो सहकारी"

२३ औं वार्षिक प्रतिवेदन
२०८१

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

संचालक समिति

अध्यक्ष
रुद्र कुमारी गुरुङ (मैना)

उपाध्यक्ष
क्या. चन्द्र प्रसाद गुरुङ

सचिव
केशव प्रसाद ढकाल

सदस्य
कृष्ण ढकाल

सदस्य
केदारनाथ पोखरेल

सदस्य
सि-आई हरि बहादुर गुरुङ

सदस्य
उमा परियार

सदस्य
एक बहादुर गुरुङ

लेखा तथा सुपरिवेक्षण समिति

संयोजक
हर्क बहादुर गुरुङ

सदस्य
खिम कुमारी गुरुङ

सदस्य
नारायण सुबेदी

सल्लाहकार परिषद

भोजराज घिमिरे
सदस्य

एक नारायण शर्मा
सदस्य



डा. कालु शर्मा सुबेदी
सदस्य

राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ॥

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरूका रगतले स्वतन्त्र र अटल ॥

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

सहकारीका ७ सिद्धान्तहरू:

स्वेच्छिक तथा खुला सदस्यता	:	(Voluntary & Open Membership)
सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण	:	(Democratic Member Control)
सदस्यहरुको आर्थिक सहभागिता	:	(Member's Economic Participation)
स्वायत्तत्ता र स्वतन्त्रता	:	(Autonomy & Independence)
शिक्षा, तालिम तथा सूचना	:	(Education, Training & Information)
सहकारी–सहकारीबीच पारस्परिक सहयोग	:	(Co-operation among Co-operatives)
समुदायप्रतिको चासो	:	(Concern for Community)

आवद्धता

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited

२३औं वार्षिक साधारण सभा बारेको सुचना

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८१ साल असार ३१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको २३औं वार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ संशोधित २०७७ बमोजिम तपसिलमा उल्लेखित साधारण सभाको कार्यसुची अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपसिलको एकाई, मिति, समय र आफुलाई पायक पर्ने स्थानमा उपस्थित हुनको लागी सदस्यहरुको ठेगानामा विभिन्न माध्यमबाट सुचना सम्प्रेषण भईरहेको छ। कुनै कारणवश पत्र वा जानकारी प्राप्त नभएमा यसै सुचनालाई आधार मानी उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभाको कार्यसुची :

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
२. लेखा तथा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
३. आ.व. २०८०/०८१ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
४. आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने।
५. आ.व. २०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने।
६. शेयर लाभांश एवं संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा।
७. एकाई प्रतिनिधिहरु सम्बन्धमा।
८. निर्णय पुस्तिका प्रमाणीकरण सम्बन्धमा।
९. विशेष प्रस्तावहरु सम्बन्धमा।

साधारण सभा तालिका :

१) साधारण सभा हुने एकाई, मिति, समय र स्थान

एकाई	मिति	समय	स्थान
क) प्रधान कार्यालय	२०८१ साल असोज ३ गते	बिहान ११:०० बजेबाट दिनको ३:०० बजेसम्म	रोयल दिदिबहिनी किचन, पोखरा १० बुद्धचोक, कास्की
ख) भण्डारढिक र मोहरिया सेवाकेन्द्र	२०८१ साल असोज ५ गते	बिहान ११:०० बजेबाट दिनको ३:०० बजेसम्म	शुभम् पार्टी प्यालेस, पोखरा २७ तालचोक, कास्की
ग) दुलेगौंडा सेवाकेन्द्र	२०८१ साल असोज ५ गते	बिहान ११:०० बजेबाट दिनको ३:०० बजेसम्म	नेवार समाज भवन, शुक्लागण्डकी ४ दुलेगौंडा, तनहुँ

२) एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा : (सवै एकाईबाट छनौट भएका प्रतिनिधिहरु मात्र)

मिति : २०८१ साल असोज ७ गते सोमबार।

समय : विहान ८ बजे।

स्थान : रोयल दिदिबहिनी किचन, बुद्धचोक, पोखरा।

साधारण सभा सम्बन्धि थप जानकारी

- साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा मिति २०८१ साल असोज १ गते कार्यालय समय भित्र लिखित रुपमा पेश गर्नुपर्नेछ । वार्षिक साधारण सभाको प्रतिवेदनहरु संस्थाको प्रधान कार्यालय तथा सेवा केन्द्रहरुबाट उपलब्ध हुनेछ । साथै संस्थाको वेबसाईट www.royalcooperative.com को रिपोर्ट सेक्सनमा गई डाउनलोड गर्न सकिनेछ ।
- एकाई 'क', 'ख' र 'ग' बाट निर्णय भई चयन भएका प्रतिनिधिहरुले एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभामा उपस्थित भई साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नुपर्नेछ ।
- सहकारी सम्बन्धि तालिम लिन ईच्छुक सदस्यज्युहरुले आफ्नो नाम र सदस्यता नम्बर साधारण सभाको कार्यक्रम अवधिमा टिपाई दिनुहुन जानकारी गरिन्छ ।
- साधारण सभाको प्रतिवेदनहरु उपर आफ्नो जिज्ञासा, राय तथा सुझाव भएमा सो समेत समेटिने गरि प्रतिवेदनको अन्तिम पानामा भएको सदस्य सहभागिता फारम वा संस्थाको फेसबुक पेजमा राखिएको गुगल फर्ममा आफ्नो सुझाव भरि २०८१ साल असोज १ गते भित्र पठाईदिन हुन अनुरोध गरिन्छ ।
- संस्थागत सदस्यहरुको हकमा उक्त संस्थाको समितिबाट साधारण सभामा भाग लिने प्रतिनिधि चयनको निर्णय गरी संस्थागत पत्रसहित उपस्थित हुनुपर्नेछ ।
- साधारण सभामा उपस्थित हुँदा सदस्यज्यूहरुले आफ्नो सदस्यता नम्बर र परिचय खुल्ने कागजात लिई उपस्थित भईदिनुहुन जानकारी गरिन्छ ।

धन्यवाद ।

सञ्चालक समितिको आज्ञाले,
केशव प्रसाद ढकाल
सचिव

(मिति: २०८१/०४/३२ गतेको आदर्श समाज राष्ट्रिय दैनिक पत्रिका र संस्थाको आधिकारिक वेबसाईट www.royalcooperative.com र सामाजिक सञ्जाल फेसुबक Pokhara Royal Saving & Credit Co-Operative Society Ltd. मार्फत सुचना प्रकाशन गरिएको)

उपसमितिहरुको नामावली

१. ऋण उपसमिति		
१.१	चन्द्रप्रसाद गुरुङ्ग	संयोजक
१.२	केशवप्रसाद ढकाल	सदस्य
१.३	कार्यालय प्रमुख	सदस्य
२. शिक्षा, तालिम तथा सूचना उपसमिति		
२.१	हिरालाल श्रेष्ठ	संयोजक
२.२	विष्णुहरि ढकाल	सदस्य
२.३	हिक्मत बहादुर गुरुङ्ग	सदस्य
३. प्रोवेशन कार्यदल		
३.१	केशवप्रसाद ढकाल	संयोजक
३.२	भीम बहादुर गुरुङ्ग	सदस्य
३.३	अभिषेक गुरुङ्ग	सदस्य
४. दुलेगौंडा सेवाकेन्द्र व्यवस्थापन उपसमिति		
४.१	एकबहादुर गुरुङ्ग	संयोजक
४.२	जोशिला थापा	सदस्य
४.३	दुर्लव थापा	सदस्य
५. भण्डारढिक सेवाकेन्द्र व्यवस्थापन उपसमिति		
५.१	जंगबहादुर गुरुङ्ग	संयोजक
५.२	नारायणसिंह गुरुङ्ग	सदस्य
५.३	अरुण कुमार गुरुङ्ग	सदस्य
६. मोहरिया सेवाकेन्द्र व्यवस्थापन उपसमिति		
६.१	उमा परियार	संयोजक
६.२	पूर्णिमा अधिकारी बाँस्तोला	सदस्य
६.३	सरिता अधिकारी लामिछाने	सदस्य

७. महिला उपसमिति		
७.१	कृष्ण ढकाल	संयोजक
७.२	भवानी देवी श्रेष्ठ	सदस्य
७.३	अपिला बराल	सदस्य
८. स्वास्थ्य तथा वातावरण उपसमिति		
८.१	नरहरि पनेरु	संयोजक
८.२	माधव भण्डारी	सदस्य
८.३	गिर बहादुर गुरुङ्ग	सदस्य
९. श्रम सुरक्षा तथा स्वास्थ्य उपसमिति		
९.१	केदारनाथ पोखरेल	संयोजक
९.२	लिलाधर पौडेल	सदस्य
९.३	सरस्वती भुजेल	सदस्य
१०. श्रम सम्बन्ध उपसमिति		
१०.१	हरिबहादुर गुरुङ्ग	संयोजक
१०.२	उमनाथ आचार्य	सदस्य
१०.३	विजया श्रेष्ठ	सदस्य
११. युवा उपसमिति		
११.१	रोजिना श्रेष्ठ	संयोजक
११.२	सचिन आचार्य	सदस्य
११.३	विशाल प्रधान	सदस्य
१२. उच्च व्यवस्थापन समूह		
१२.१	कार्यालय प्रमुख	संयोजक
१२.२	मीलन ढकाल	सदस्य
१२.३	परमेश्वर दाहाल	सदस्य

२३औं वार्षिक साधारण सभा २०८१
सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री रुद्रकुमारी गुरुङ्गद्धारा प्रस्तुत
आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन

आदरणीय सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकार महानुभावहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्युहरु, शेयर सदस्यज्यूहरु र प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा संस्थाको २३औं वार्षिक साधारण सभाको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आर्थिक वर्ष २०८०/०८१ को सुरुवात संगै **"सुखी सदस्य र दिगो सहकारी"** भन्ने मूल मन्त्र सहित हामीले रणनीतिक यात्राको शुभारम्भ गरेका थियौं, वर्षभरि नै हामीले सदस्य केन्द्रित गतिविधीलाई प्राथमिकतामा राख्यौं । यसैको फलस्वरुप हामीले सहकारी अभियानमा नेतृत्वदायी संस्थाको पहिचान सहित प्रतिस्पर्धी सेवा र विश्वास आर्जन गर्न सफल भएका छौं । यसको लागि म सम्पूर्ण सदस्य महानुभावहरुमा हार्दिक आभार तथा बधाई ज्ञापन गर्न चाहन्छु ।

विश्वव्यापी आर्थिक मन्दी, व्यापार व्यवसायमा आएको गिरावट, वित्तीय बजारमा देखिएको तरलता संकट र सहकारी अभियानले भोग्न परेको असहज परिस्थितिका बीच आज हामी संस्थाको २३औं वार्षिक साधारण सभामा उपस्थित भएका छौं । समग्रमा वित्तीय बजार सहकारी अभियान मैत्री थिएन, समय समयमा परिवर्तन भईरहने सरकारको नीति र कर प्रणालीले सहकारीको आम्दानीमा प्रत्यक्ष असर गरेको छ । तथापि प्रतिकुल वातावरणका बीच पनि हामीले वार्षिक लक्ष्यको अधिकांश सुचकमा सफलता प्राप्त गरेका छौं ।

सदस्य महानुभावहरु, विगत ३ वर्षदेखि हामीले वार्षिक साधारण सभालाई सहकारी विभागले जारी गरेको साधारण सभा सञ्चालन कार्यव्यवस्था निर्देशिका बमोजिम विभिन्न स्थानमा एकाईगत साधारण सभाहरु सम्पन्न गरि अन्तिममा एकाई प्रतिनिधीहरुको निर्णय प्रमाणीकरण सभाबाट निर्णय प्रमाणीकरण गर्ने गरि वार्षिक साधारण सभाको व्यवस्थापन गरेका छौं । यो सहकारीको ईतिहासमा एउटा नौलो अभ्यास समेत हो । हजारौं हजारमा रहेका सदस्यहरुको वार्षिक साधारण सभालाई व्यवस्थापन गर्ने यो प्रणाली निकै व्यवस्थित र फलदायी भएको हामीले महसुस गरेका छौं । अब म यस सम्मानित सभामा आर्थिक वर्ष २०८०/०८१ मा भए गरेका प्रमुख वित्तीय तथा गैह्र वित्तीय गतिविधीहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. वित्तीय गतिविधी :

१.१ यस वर्षको प्रमुख वित्तीय झलकहरु निम्न बमोजिम रहेका छन् ।

शीर्षक	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	वृद्धि प्रतिशत
शेयर पूँजी	२१०,३९५,०००.००	१५०,२४०,०००.००	(२८.५९%)
बचत/निक्षेप	१,६४२,२४३,१९२.२६	१,९१४,९००,७६९.३७	१६.६०%
ऋण लगानी	१,७६२,३०६,६०४.५२	१,६७४,६१२,२३४.२६	(४.९८%)
कुल जगेडा कोष	१८५,२३४,४३२.६४	२११,७००,९८२.५६	१४.२९%
ऋण नोक्सानी व्यवस्था	८५,००१,७५०.००	८१,८३४,४१३.००	(३.७३%)
सञ्चालन बचत	७७,४९५,९०९.५५	६८,३४९,५४४.६३	(११.८०%)
कुल वासलात	**२,२८९,०७०,२१२.३५**	**२,५२१,८७३,२८९.९७**	**१०.१७%**

१.२ २२औं वार्षिक साधारण सभाको निर्णय बमोजिम शेयर पूँजीको संरचनालाई व्यवस्थापन गरेका छौं । यो व्यवस्थाले यस आर्थिक वर्षको शुरुवातबाट सबै सदस्यहरुको न्यूनतम १० कित्ता र अधिकतम १००० कित्ता शेयर कायम भएको छ । यसबाट तत्काल शेयर पूँजीमा ह्रास भएको देखिएता पनि भविस्यमा यसले रणनैतिक महत्व राख्ने नै छ । हाल शेयर कित्ता कम भएका सदस्यहरुलाई शेयर वृद्धि गर्न प्रोत्साहन मिल्नेछ भन्ने हामीले विश्वास लिएका छौं ।

१.३ बचत निक्षेप संकलन तर्फ गत वर्षको तुलनामा १६.६० प्रतिशतले वृद्धि भएको छ । यसले समाजमा संस्थाप्रतिको आकर्षण र विश्वास अझै बढ्दै गएको हामीले पाएका छौं । सदस्यहरुको विश्वासलाई कायम गर्दै मासिक नियमित बचतको हिस्सालाई समेत वृद्धि गर्दै लगेका छौं ।

१.४ यस वर्ष कुल सदस्य संख्याको आधारमा जम्मा १३२३ जना अर्थात १४ प्रतिशत सदस्यहरुले ऋण सेवा उपभोग गरिरहेका छन् । व्यवसायमा आएको मन्दी तथा लगानी सुनिश्चितताको वातावरणको कारणले ऋण मागमा आएको कमीले गर्दा यस वर्ष ४.९८ प्रतिशतले ऋण लगानी घटेको छ । यस वर्ष मात्रै ५ जना सदस्यको धितो लिलामी गरि ऋण व्यवस्थापन गरिएको छ । त्यसैगरि परियोजनाको नियमित रुपमा ऋण सदुपयोगिता जाँच गर्ने गरिएको छ भने भाखा नाघेको ऋणको मासिक रुपमा ऋण नोक्सानी व्यवस्थापन गर्ने गरिएको छ । समुह जमानत ऋण तर्फको फाईलहरुको सुरक्षणको लागि सामुहिक जमानत र वीमा कार्यक्रमलाई अनिवार्य गरिएको छ भने लघुवित्त मार्फत लगानी हुने समुह जमानत ऋण कार्यक्रमलाई ग्रामीण भेगमा मात्रै केन्द्रित गर्ने रणनीति लिईएको छ । संस्थामा वृद्धि भईरहेको अधिक तरलताको व्यवस्थापन गर्न साथै सदस्यहरुलाई सहज र सुलभ दरमा सेवा प्रवाह गर्ने उद्धेश्यका साथ एकल विन्दुमै ऋण प्रवाह गर्ने अभियान सञ्चालन गरिएको छ ।

१.५ आयकरको दरमा भएको शतप्रतिशत वृद्धि, ऋण लगानीमा आएको ह्रास र ऋणी सदस्यहरुको व्यापार व्यवसायमा आएको मन्दीका कारण सञ्चालन बचतमा अपेक्षित नतिजा हासिल हुन सकेको छैन । कुल सम्पत्तीमा बचत निक्षेपको अनुपात ७५.९३ प्रतिशत र कुल सम्पत्तीमा खुद ऋणको अनुपात ६३.७८ प्रतिशत भित्र रहेका छन् । यो विषम परिस्थितिमा समेत समग्रतामा संस्थाको कुल वासलातमा १०.१७ प्रतिशतले वृद्धि भएको छ भने शुद्ध संस्थागत पूँजीको अनुपात ८.४५ प्रतिशत रहेको छ । यसले जगेडाकोषमूखी संस्था निर्माणमा संस्था एक पाईला अगाडि बढेको सम्पूर्ण सदस्यहरुमा विश्वास दिलाउन चाहन्छु ।

१.६ २२औं वार्षिक साधारण सभाबाट विनियोजित भएका कोषहरुको वितरण र वाँकी रहेको कोषहरु आर्थिक वर्षको अन्त्यमा साधारण जगेडाकोषमा रकमान्तर गरिएको छ । आ.व.२०८०/०८१ को नाफाबाट शेयर लाभांश तर्फ ९.४८ प्रतिशत र संरक्षित पूँजी फिर्ताकोषबाट सदस्यहरुले गरेको बचत कारोबार को व्याजको आधारमा २.१३ प्रतिशत र ऋण कारोबारको व्याजको आधारमा २.२३ प्रतिशत अतिरिक्त लाभ वितरण गर्न व्यवस्था मिलाएका छौं भने कर्मचारी वोनस तर्फ विनियममा व्यवस्था भए बमोजिम आधारभूत तलबको ३ महिना बराबर हुने गरि प्रदान गर्न प्रस्ताव पेश गरेको छु । त्यसैगरि ऋण सुरक्षण कोष तथा अन्य कोषहरुमा संस्थाको विनियममा भएको व्यवस्था तथा सहकारी कानूनको अधिनमा रहि शत प्रतिशत व्यवस्था गरिएको सम्मानित सभामा जानकारी गराउदछौं ।

२. सदस्यता विस्तार तथा लघु बचत समुहको अवस्था :

२.१ आ.व.२०८०/०८१ को अन्त्य सम्ममा सदस्य संख्यामा ६.३५ प्रतिशत वृद्धि भई ९३५६ जना पुगेको छ। जसमा महिला सदस्य ६२६१ जना, पुरुष सदस्य ३०५७ जना र संस्थागत सदस्य ३८ रहनु भएको छ। जिल्लागत आधारमा सदस्यहरुको सहभागिता सबैभन्दा धेरै कास्की जिल्लामा रहेका छन्।

जिल्ला	महिला	पुरुष	संस्थागत	जम्मा सदस्य	प्रतिशत
कास्की	३७६७	१८३४	३४	५६३५	६०.२३%
तनहूँ	१४९१	७२७	४	२२२२	२३.७५%
स्याङ्गजा	६८३	३५१	०	१०३४	११.०५%
लमजुङ्ग	१९४	८६	०	२८०	२.९९%
पर्वत	१२६	५९	०	१८५	१.९८%
जम्मा सदस्य	६२६१	३०५७	३८	९३५६	१००%
प्रतिशतमा महिला/पुरुष/संस्थागत	६६.९२	३२.६७	०.४१	१००	१००%

२.२ संस्थामा रहेका सदस्यहरु मध्ये १६ वर्षदेखि ४० वर्ष उमेर समूहका ३९७८ जना अर्थात ४२.६९ प्रतिशत, ४१ वर्ष बाट ६० वर्ष उमेर समूहका ४१३२ अर्थात ४४.३४ प्रतिशत, ६१ वर्ष देखि ७५ वर्ष उमेर समुहका सदस्यहरु १०७५ अर्थात ११.५४ प्रतिशत र ७५ वर्ष भन्दा माथिका १३३ जना अर्थात १.४३ प्रतिशत सदस्यहरु रहेका छन्।

२.३ संस्थाले सञ्चालन गर्दै आईरहेको बचत समुह कार्यक्रममा यस वर्षसम्म जम्मा १७६४ जना महिलाहरु आवद्ध भएका छन्। जस अर्न्तगत ३४५ वटा समूहहरु रहेका छन्।
विभिन्न पालिकाहरुमा रहेका बचत समूह र सदस्यहरुको विस्तृत विवरण निम्न बमोजिम रहेका छन्।

जिल्ला	स्थानीय तह	समूह संख्या	जम्मा सदस्य
स्याङ्गजा	हरिनास गाउँपालिका	४	२५
कास्की	रुपा गाउँपालिका	५	२३
कास्की	अन्नपूर्ण गाउँपालिका	५	२४
कास्की	माछापुच्छ्रे गाउँपालिका	७	३२
कास्की	मादी गाउँपालिका	५५	२९२
कास्की	पोखरा महानगरपालिका	१९४	९८२
तनहुँ	ऋषिङ्ग गाउँपालिका	७	४१
तनहुँ	भिमाद नगरपालिका	१३	६९
तनहुँ	शुक्लागण्डकी नगरपालिका	५५	२७६
जम्मा		**३४५**	**१७६४**

यसरी हामीले सेवालाई विविधिकरण गर्ने सवालमा संस्थाले सहकारीको माध्यमबाट वित्तीय पहुँच भन्दा बाहिर रहेका र धितो नभएका महिलाहरुलाई सरल वित्तीय सेवा प्रदान गरिरहेको छ । यसबाट महिला सशक्तीकरण र व्यावसायिकरणमा टेवा पुगेको हामीले महसुस गरेका छौं ।

३. सांगठनिक व्यवस्थापन र कार्यालयको अवस्था :

३.१ हाल संस्थामा सञ्चालक समिति र लेखा तथा सुपरिवेक्षण समिति, सल्लाहकार परिषद, ऋण लगानी तथा असुली उपसमिति, सेवाकेन्द्र व्यवस्थापन उपसमितिहरु, महिला उपसमिति, स्वास्थ्य तथा वातावरण उपसमिति, प्रोबेसन कार्यदल, श्रम सम्वन्ध उपसमिति, सुरक्षा तथा स्वास्थ्य उपसमिति, युवा उपसमिति, पदाधिकारी र उच्च व्यवस्थापन समूह मार्फत नियमित काम र समन्वय भईरहेको छ । प्रधान कार्यालय तथा सेवाकेन्द्रहरुमा रहेको जनशक्ति, यसको कार्यबोझ र वासलातको तुलनात्मक अवस्था यसप्रकार रहेको छ ।

क्र.सं.	कार्यालय/सेवाकेन्द्र	कर्मचारी संख्या	सदस्य संख्या	कुल वासलात
१	प्रधान कार्यालय, पोखरा कास्की	२३	४६१७	१,९५,९५,७८,३०२.०६
२	दुलेगौंडा सेवाकेन्द्र, तनहूँ	८	१९६१	३०,२४,८४,७१७.१९
३	भण्डारढिक सेवाकेन्द्र, कास्की	६	१८७५	२३,०७,८९,६९९.१८
४	मोहरिया सेवाकेन्द्र, कास्की	४	९०३	२,९०२०,५७१.५४
जम्मा		**४१**	**९३५६**	**२,५२,१८,७३,२८९.९७**

३.२ यस समीक्षा अवधिमा ४ जना कर्मचारीले सेवाबाट अवकाश लिनुभएको छ । हाल रोजगारीमा रहेको कर्मचारीको संख्या ४१ जना रहेको छ । त्यसैगरि सेक्युरिटी कम्पनी संग सम्झौता गरि आवश्यकता अुनसार कार्यालयहरुमा २४ सै घन्टा सुरक्षा गार्डको व्यवस्था गरिएको छ ।

४. प्रविधीमैत्री सेवा, स्मार्ट सदस्य :

४.१ संस्थाको सेवालाई क्रमशः क्यासलेस, चेकलेस र पेपरलेस बनाउने अभियान थालिएको छ । यसका लागि प्रविधीमैत्री सेवालाई द्रुत गतिमा अगाडि बढाएका छौं । हालसम्म १९२० जनाले एटिएम सेवा, १६९८ जनाले मोवाईल बैंकिङ्ग, ३३३ जनाले एस.एम.एस.सेवा र १५१ जनाले Quick Response Code (क्यू आर कोड) प्रविधीको प्रयोग गरिरहेका छन् । त्यसरी नै १२६० जना सदस्यले स्मार्ट परिचय पत्र ग्रहण गरिसकेको छ । संस्थाको वेबसाईट, फेसबुक अकाउण्ट, यूटयूब च्यानल, टिकटक र इन्स्टाग्रामलाई समय सापेक्ष परिमार्जन गर्दै सदस्य सेवा र वस्तुहरुको प्रचार प्रसार र सहज रुपमा सूचना दिने माध्यमको रुपमा विकास गरिरहेको छ । छिटो छरितो रुपमा संस्थाको गतिविधी जानकारी लिन संस्थाको आधिकारिक वेब पेज तथा सामाजिक सञ्जालमा जोडिन सबै सदस्य महानुभावहरुमा हार्दिक अपिल गर्दछु । संस्थाको कारोबारलाई थप सुव्यवस्थित र समयानुकुल बनाउन कोर बैंकिङ्ग प्रविधीलाई अवलम्बन गरिएको छ भने तथ्याङ्कहरुलाई क्लाउड प्रविधी मार्फत सुरक्षित गरिएको छ । संस्थाको तालिम हलमा स्मार्ट बोर्ड मार्फत तालिम तथा प्रशिक्षणको व्यवस्था गरिएको छ भने कनेक्ट आईपिएस, ट्याबलेट बैंकिङ्गको सुविधा समेत सुरुवात गरिएको छ ।

५. सम्मान तथा पुरस्कार विवरण :

यस आ.व.मा सदस्य, बाल बचत कर्ता, सेवाकेन्द्र, बचत समुहको केन्द्रहरु र कर्मचारीलाई कारोबार तथा कार्य सम्पादनको आधारमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिएको छ ।

५.१ २३औं वार्षिक साधारण सभामा पुरस्कार तथा सम्मान प्राप्त गर्ने सदस्य, बाल बचत कर्ता, सेवाकेन्द्र, बचत समुहको केन्द्रहरु र उत्कृष्ठ वर्ष कर्मचारीको विवरण :

क्र.सं.	पुरस्कार तथा सम्मान	सम्मानित व्यक्तित्वहरु/केन्द्र	कैफियत
१	वर्ष उत्कृष्ट सदस्य	मदन कुमारी गुरुङ्ग	रु.५ हजार र सम्मान पत्र
२	वर्ष उत्कृष्ट सदस्य	झमानसिंह गुरुङ्ग	रु.५ हजार र सम्मान पत्र
३	उत्कृष्ट बाल बचतकर्ता	रोबेन थापा	रु.३ हजार र शैक्षिक सामाग्री
४	उत्कृष्ट सेवाकेन्द्र	दुलेगौंडा सेवाकेन्द्र तनहुँ	प्रमाणपत्र र दोसल्ला
५	उत्कृष्ट बचत समुहको केन्द्र	• स्वाभिमान रोयल केन्द्र पोखरा १० • वनपोखरी रोयल केन्द्र पोखरा ३१ • अम्बिका रोयल केन्द्र पोखरा १६	प्रत्येक केन्द्रलाई रु.४ हजार र सम्मान पत्र
६	वर्ष उत्कृष्ट कर्मचारी	संगिता गुरुङ्ग	रु.१५ हजार, १ ग्रेड थप र सम्मान पत्र

५.२ आ.व. २०८०/०८१ को महिना उत्कृष्ट सदस्यहरुको विवरण :

संस्थाले हरेक महिना चारवटै कार्यालय र लघुवित्त विभागबाट एक/एक जना गरि जम्मा ६० जना सदस्यलाई निजहरुको कारोबार,नयाँ सदस्य सिफारिस, संस्थामा उपस्थिति र संस्थालाई प्रदान गर्ने सुझावहरु समेतको आधारमा उत्कृष्ठ घोषणा गरि सम्बन्धित कार्यालयमा आमन्त्रण गरि सम्मान गर्ने गरिएको छ । उत्कृष्ठ सदस्यहरुको नामावली यसप्रकार रहेका छन् ।

महिना	प्रधान कार्यलय	दुलेगौंडा सेवाकेन्द्र	भण्डारढिक सेवाकेन्द्र	मोहरिया सेवाकेन्द्र	बचत समुह कार्यक्रम
श्रावण	आरती गुरुङ	लक्ष्मी वि.क	इन्द्र देवी गुरुङ	अन्जु कोईराला काफ्ले	कृष्ण कुमारी अधिकारी
भाद्र	खकी माया गुरुङ	रेनु श्रेष्ठ	सान्तना घिमीरे	विष्णु माया सुवेदी	लिला गुरुङ
असोज	नन्द जङ्ग गुरुङ	अन्जु ठकुरी	सुमित्रा वि.क	वसन्त रानाभाट	याम कुमारी गुरुङ
कार्तिक	कृष्ण शर्मा तिमील्सीना	अमर राज थापा	मती छन्त्याल	महाप्रसाद सुवेदी	शिवकुमार श्रेष्ठ
मंसिर	डा.सुमनलाल श्रेष्ठ	सम्झना कुँवर	निर्मला थापा	देवराज तिवारी	मेनसुब्बा गुरुङ
पौष	गंगी पनेरु	बुद्ध गुरुङ	सुमित्रा पौडेल बास्तोला	पवित्रा बजगाई तिवारी	ताराकुमारी श्रेष्ठ
माघ	पृथीमाया छन्त्याल	भोज बहादुर सुनार	इन्द्र कुमारी गुरुङ	अम्बिका ओझा	खगीसरा वि.क
फागुन	पूर्ण बहादुर गुरुङ्ग	सन्तोष घिमिरे	मन कली छन्त्याल	लक्ष्मण मल्ल	बासना श्रेष्ठ
चैत्र	बुद्धसिंह गुरुङ	चन्द्रा श्रेष्ठ	राम चन्द्र पौडेल	ज्ञानबहादुर तिमिल्सिना	उर्मिला गुरुङ्ग
बैशाख	राम बहादुर गुरुङ	टेमाया आले	आस कुमारी गुरुङ	शान्ती लामिछाने	फूलमाया परियार
जेठ	देवकी थापा	सरस्वती सिग्देल	सरला तामाङ	सुवास वसौला	स्मृति कार्की
असार	धनमाया थापा	भविसरा सुनार	भद्र वहादुर थापा	सुदिप तिमिल्सिना	अन्जु लक्ष्मी न्यौपाने दवाडी

५.३ कर्मचारीहरुको लगनशीलता र निरन्तर सेवाको उचित मूल्याङ्कन गर्दै संस्थाको सेवामा थप उर्जाशील बनाउन संस्थामा कार्यरत कर्मचारी मध्ये २५ वर्षे सेवा अवधि पुरा गरेका ३ जना कर्मचारीलाई कदर स्वरुप रजत पदक र नगद रु २५ हजार साथै १० वर्षे सेवावधि पुरा गरेका ३ जना कर्मचारीहरुलाई कदर स्वरुप दशक सेवा पदकबाट सम्मान गर्ने निर्णय गरिएको छ। कदर पत्रबाट सम्मानित हुने कर्मचारीहरु यसप्रकार रहेका छन्।

	क्र.सं.	कर्मचारीको नाम	पद	तह	नियुक्ती मिति
रजत सेवा पदक र सम्मान प्राप्त गर्ने कर्मचारीहरु	१	मीलन ढकाल	मुख्य प्रबन्धक	नवौं	२०५६/०४/०१
	२	परमेश्वर दाहाल	प्रबन्धक	आठौं	२०५६/०४/०१
	३	उमनाथ आचार्य	अधिकृत	सातौं	२०५६/०४/०१
दशक सेवा पदक र सम्मान प्राप्त गर्ने कर्मचारीहरु :	**क्र.सं.**	**कर्मचारीको नाम**	**पद**	**तह**	**नियुक्ती मिति**
	१	विजया श्रेष्ठ	अधिकृत	छैटौं	२०७०/०६/०१
	२	मन्जु ढकाल दाहाल	सुपरिवेक्षक	चौथों	२०७०/०६/०१
	३	पुजा गुरुङ्ग	म्यासेन्जर	प्रथम	२०७०/०६/०१

६. क्षमता अभिवृद्धि सम्वन्धि गतिविधी :

६.१ संस्थाले गत वर्षहरुमा जस्तै यस वर्ष समेत संस्थाका सदस्य, कर्मचारी र समिति उपसमितिलाई लक्षित गरि विभिन्न विषयका तालिम तथा गोष्ठीहरुमा सहभागिता गराएको छ। यस वर्ष संस्थाले आयोजना गरेको र विभिन्न तालिम तथा गोष्ठीमा भएको सहभागिताको विवरण यस प्रकार रहेका छन्।

क्र.सं.	तालिमको नाम	सहभागिता विवरण
१	सदस्य शिक्षा तालिम	२३८७ जना सदस्यहरु
२	व्यवसायिक मौरी पालन तालिम	३० जना
३	कौशी खेती तथा गड्यौला मल बनाउने तालिम	१५८ जना
४	महिना उत्कृष्ट सदस्यहरुसँग छलफल कार्यक्रम	२५ जना
५	कर्मचारीहरुको क्षमता विकास तालिम	सम्पूर्ण कर्मचारीहरु
६	समितिको क्षमता विकास तालिम	सम्पूर्ण समिति उपसमितिहरु
७	बिस्तारित मञ्च	१८०३ जना सदस्यहरु
८	नीति तथा कार्यक्रम र बजेट गोष्ठी	५४ जना
९	अन्य गोष्ठी र भ्रमणहरुमा सहभागिता	७५ जना

७. सदस्य सेवामा पोखरा रोयल

७.१ रोयल फाउण्डेसन मार्फत ७५ वर्ष उमेर पुगेका ज्येष्ठ सदस्यहरुलाई वार्षिक रुपमा पेन्सन प्रदान गर्दै आएका छौं। यो वर्ष ३८ जना सदस्यहरुलाई रु. ५ हजारका दरले पेन्सन प्रदान गरिएको छ।

७.२ रोयल फाउण्डेसन मार्फत प्रति सदस्य रु. १० हजारका दरले ५ जनालाई मृत्यु राहत र प्रति सदस्य रु ३ हजारका दरले १५ जनाले सुत्केरी स्याहार वापत रकम प्राप्त गर्नु भएको छ ।

७.३ सदस्यहरुलाई ज्ञान, सीप र पूँजी उपलब्ध गराई उद्यमी बनाउने अभिप्रायका साथ युएस एड र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड संगको सहकार्यमा व्यवसाय विकास सेवा डेस्क (BDS Desk) स्थापना गरि लागु गरिएको छ ।

७.४ कर्मचारीहरुमा पठन संस्कृति विकास गराउने अभिप्रायका साथ हरेक महिनाको अन्तिम शुक्रबार १ घण्टा संस्थाको पुस्तकालयमा अध्ययन अनुसन्धान गर्ने कार्यको थालनी गरिएको छ ।

७.५ संस्थाले गरेको गतिविधीलाई सदस्य र समुदाय बीच पुऱ्याउन पोखरा रोयलको सुन्ने कुरा नामक २५ वटा रेडियो कार्यक्रम निर्माण गरि प्रसारण गरिएको छ ।

७.६ संस्थामा तरलता व्यवस्थापन गर्न मिसन १०० अभियान मार्फत बचत र तरलता वृद्धि गरिएको छ भने यहि अभियान मार्फत संकलन भएको बचत रकमलाई सरल र सहज रुपमा लगानी समेत गरिएको छ ।

७.७ दुघर्टनामा परि मृत्यु भएका २ जना सदस्यहरुको परिवारलाई वीमा कम्पनीको सहकार्यमा १ लाख ५० हजार र ७५ हजार वीमा रकम हस्तान्तरण गरिएको छ ।

८. सामुदायिक सेवा तथा अतिरिक्त गतिविधी :

८.१ संस्थाको गतिविधीहरु समेटिएको सहकारी समाचारको बुलेटिन नियमित रुपमा प्रकाशन गरिएको छ ।

८.२ कर्मचारीहरुलाई मानसिक थकानबाट मुक्त गर्नका लागि अन्तर कर्मचारी ब्याडमिन्टन प्रतियोगिता सम्पन्न गरिएको छ ।

८.३ शुक्लागण्डकी नगरपालिका वडा नं.१२ स्थित तमु हिलपार्कमा संस्थाको लोगो अंकित ३ वटा फलामे बेन्च निर्माण गरि प्रदान गरिएको छ ।

८.४ संस्थाका महिला सदस्यहरुद्धारा संचालित रोयल दिदीबहिनी किचनको व्यवस्थापन, व्यवसाय र अनुभव अध्ययन अनुसन्धान गर्न आउने विद्यार्थी, सञ्चारकर्मी, सहकारीकर्मी र उद्यमीहरुसंग समसामयिक विषयमा किचन परिसरमा अन्तर संवाद कार्यक्रम सम्पन्न भएको छ ।

८.५ सदस्यहरुलाई सहुलियत प्रदान गर्ने उद्देश्य बमोजिम देहाय बमोजिमका संस्थाहरुसंग सम्झौता गरि सेवा सुरुवात गरिएको छ ।

क्र.सं.	संस्थाको नाम	ठेगाना
८.५.१	रोयल दिदिबहिनी किचन	पोखरा म.न.पा. १०, बुद्धचोक
८.५.२	ग्यालेक्सी हस्पिटल	पोखरा म.न.पा. १०, बुद्धचोक
८.५.३	युनाइटेड रिफरेन्स ल्याबोरेटरी (यु.आर.एल)	पोखरा म.न.पा. ९, न्यूरोड
८.५.४	लाइफकेयर डाइग्नोस्टिक्स	पोखरा म.न.पा. ९, न्यूरोड
८.५.५	आविस्कार हस्पिटल अर्थोप्लाष्टी एण्ड ट्रमा सेन्टर	पोखरा म.न.पा. १०, बुद्धचोक
८.५.६	पद्मश्री हस्पिटल एण्ड एलाइड साइन्सेस	पोखरा म.न.पा. ९, न्युरोड

उल्लेखित संस्थाबाट उपलब्ध सेवाहरुमा सहुलियत प्राप्त गर्न सदस्यहरुले संस्थाको सदस्यता खुल्ने

कागजात (सदस्य परिचय पत्र, शेयर प्रमाण पत्र, बचत पासबुक, ऋण पासबुक, मोवाइल बैंकिङ्ग, ए.टि.एम कार्ड, आदि) लिएर जान अनुरोध गरिन्छ ।

८.६ संस्थाको गतिविधीलाई सदस्य र समुदाय माझ पुऱ्याउन जानकारीमूलक भिडियो निर्माण गरि फेसबुक, यूट्यूब र इन्स्टाग्राम मार्फत हेर्न सक्ने गरि व्यवस्थापन गरिएको छ । यस वर्ष मात्र संस्थाको गतिविधीलाई संप्रेषण गर्न सहकारी खबर, सहकारी अखवार, केन्द्र खबर, रेडियो अन्नपूर्ण, एभरेष्ट एफ एम, शुक्लागण्डकी एफ एम, वित्तीय पोष्ट, साकोस आवाज, आर्थिक आवाज, सफल आवाज, समाधान दैनिक, आदर्श समाज, आदर्श सञ्चार, ढोरपाटन दैनिक, रेडियो सफलता जस्ता संचार माध्यम मार्फत संस्थाका पदाधिकारीहरुको अन्तरवार्ता, लेख रचना र समाचार समेटिएको छ ।

८.७ ग्लोवल मनी वीक सप्ताहको अवसरमा वित्तीय साक्षरता र सहकारी सम्वन्धमा प्रचार सामग्रीहरु निर्माण गरि सचेतना अभियान सञ्चालन गरिएको छ ।

९. सहकारी अभियान र सरोकारवाला निकाय संगको सम्वन्ध :

९.१ चालु आ.व.को प्रारम्भमा नै संस्थाका प्रमुख कार्यकारी अधिकृत भीमबहादुर गुरुङ्गलाई नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेडको ३७औं स्थापना दिवसको अवसरमा देशभरकै सर्वोत्कृष्ठ व्यवस्थापक पुरस्कारबाट सम्मान गर्ने घोषणा भएको छ । यो पोखरा रोयल सहकारी र यसको सदस्यहरुको लागि सम्मान र गौरवको विषय हो । यस अवसरमा प्रमुख कार्यकारी अधिकृतज्यूलाई हार्दिक बधाई र नेफ्स्कून परिवार प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

९.२ संस्थापक अध्यक्ष स्व.मेजर तुलसीप्रसाद गुरुङ्गको सम्मान र सम्झनामा जिल्ला सहकारी संघ लिमिटेड कास्की मार्फत हरेक वर्ष एक जना सहकारीकर्मीलाई पुरस्कार प्रदान गर्ने गरि १ लाख ११ हजार १११ रुपैयाँको सहकारी पुरस्कार अक्षय कोष हस्तान्तरण गरिएको छ ।

९.३ संस्थाका सचिव केशवप्रसाद ढकाल कास्की बचत तथा ऋण सहकारी संघ लिमिटेडको २३औं वार्षिक साधारण सभाबाट संघको लेखा तथा सुपरिवेक्षण समितिको संयोजक पदमा निर्विरोध निर्वाचित हुनुभएको छ । यस अवसरमा सचिव केशवप्रसाद ढकालज्यूलाई हार्दिक बधाई र कास्की बचत तथा ऋण सहकारी संघ लिमिटेड परिवार प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

९.४ राष्ट्रिय सहकारी बैंक लिमिटेडको २०औं वार्षिक साधारण सभाको निर्णय बमोजिम यस संस्थाका संस्थापक अध्यक्ष स्व.तुलसीप्रसाद गुरुङ्गलाई बैंकको संस्थापक अध्यक्ष स्व.राजेशहरी जोशी स्मृति पुरस्कारबाट मरणोपरान्त नगद पुरस्कार रु.२५,५५५/- सहित सम्मान प्राप्त भएको छ । यस अवसरमा बैंक परिवार प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

९.५ सहकारीका असल अभ्यासहरुलाई आदान प्रदान गर्ने उद्धेश्यका साथ विभिन्न जिल्लाबाट आएका ४६ वटा सहकारी संघ/संस्थाका ११४६ जना प्रतिनिधीहरुसंग अन्तरसंवाद कार्यक्रम सम्पन्न गरिएको छ । कास्की बचत तथा ऋण सहकारी संघ लिमिटेड, नेफ्स्कून र सहकारी बैंकका नवनिर्वाचित सञ्चालकलाई संस्थामा स्वागत एवं सम्मान गरिएको छ ।

९.६ संस्थाले सञ्चालन गरेको असल अभ्यास र प्राप्त गरेका उपलब्धिहरुलाई सहकारीको समस्या समाधान गर्न गठित संसदीय छानबीन समितिले देशभरका ठूला र उत्कृष्ठ कारोबार गरिरहेका ३२ वटा संस्थाहरुलाई आमन्त्रण गरेको कार्यक्रममा संस्थाको प्रमुख कार्यकारी अधिकृत भीमबहादुर गुरुङ्गले सहभागिता जनाउनु

भएको छ भने सहकारी विभागका रजिष्ट्रारद्धारा आमन्त्रित देशभरका असल अभ्यास गरिरहेका व्यवस्थापन प्रमुखसंगको छलफल कार्यक्रममा संस्थाका मूख्य प्रवन्धक मीलन ढकालले सहभागिता जनाउनु भएको छ ।

९.७ संस्थाको वित्तीय कारोबारको अवस्था र सदस्यलाई प्रदान गरिरहेको सेवाको गुणस्तर र सन्तुष्टिको नियमित परिक्षण गर्ने कार्यका लागि नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेडको पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन) मा आवद्ध भई स्थलगत र सामुहिक रुपमा सहभागिता जनाईरहेको छ ।

९.८ फुकोओका जापान स्थित छिकुसी जोगाक्यून विश्वविद्यालयबाट आएका विद्यार्थीहरुसंग संस्थाको उच्च व्यवस्थापन र पदाधिकारीहरुसंग अन्तरकृया तथा अनुभव आदानप्रदान भएको छ ।

९.९ सहकारी विभाग, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, पोखरा महानगरपालिका तथा सहकारीका जिल्ला तथा केन्द्रिय संघहरुबाट जारी परिपत्र, निर्देशन तथा मार्गदर्शनहरुका सन्दर्भमा समिति उपसमिति र व्यवस्थापनले समय समयमा छलफल गरि सोहि बमोजिम रणनीति तयार गरि नियम कानूनको पालना गरेको छ ।

९.१० संस्थाले नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी ईकाई र नेपाल राष्ट्र बैंक पोखरा प्रदेश कार्यालयबाट सोधनी भएका कोपोमिस र विभिन्न विषयका सन्दर्भमा समयमा नै आवश्यक प्रतिवेदन र सुझावहरु प्रदान गर्दै आईरहेका छौं ।

१०. संक्षेपीकरण र धन्यवाद ज्ञापन :

आदरणीय सदस्य महानुभावहरु, समग्रतामा यो वर्ष विविध प्रतिकुलताका बीच पनि हाम्रो लागि सफल वर्षका रुपमा रहेको छ । हामीले सदस्य वृद्धि, बचत वृद्धि, कुल सम्पत्ति वृद्धि र साख वृद्धि गर्न सफल भएका छौं । वित्तीय बजार, मुद्रास्फिती र प्रतिस्पर्धी संस्थाहरु बीच सदस्यहरुलाई लाभ वितरण गर्न सफल भएका छौं । यो सफलता र साखलाई आगामी वर्षहरुमा कायमै राख्न हाम्रो ध्यान रणनीतिक योजनाका साथ सदस्य सेवा र व्यवसाय वृद्धिमा केन्द्रित गर्ने नै छौं । यो अभियानमा प्रत्यक्ष रुपमा साथ सहयोग गर्ने सम्पूर्ण सदस्यज्यूहरु र अहोरात्र खटिने कर्मचारीहरुमा सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं । यसरी नै हामीलाई संधै मार्गनिर्देशन गरिरहने नियामक निकाय, सल्लाहकार महानुभावहरु, लेखा परिक्षक, सहकारी अभियान र हाम्रो सफलतामा सहकार्य गरिरहने संचार माध्यमप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । चालु वर्षका नीति, कार्यक्रम तथा बजेट सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतज्यूको प्रतिवेदन मार्फत जानकारी हुने नै छ। अन्तमा आगामी दिनमा समेत यहाँहरुको यस्तै साथ र सहयोगको अपेक्षा सहित, प्रतिवेदन पारित गरिदिन हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी ॥ जय पोखरा रोयल सहकारी ।

रुद्रकुमारी गुरुङ्ग
अध्यक्ष

२३औं वार्षिक साधारण सभा २०८१

लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री हर्कबहादुर गुरुङ्द्धारा प्रस्तुत

आ.व. २०८०/०८१ को वार्षिक समिक्षा प्रतिवेदन

सभाका अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका सदस्य साथीहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपससमितिका संयोजक तथा सदस्यज्यूहरु एवं उपस्थित शेयर सदस्यज्यूहरु, सर्वप्रथम संस्थाको २३औं वार्षिक साधारण सभामा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु ।

लेखा तथा सुपरिवेक्षण समिति सहकारी संस्थालाई सुशासन र विकासमा सञ्चालन गर्न आवश्यक सल्लाह सुझाव र मार्गदर्शन गर्ने एउटा महत्वपूर्ण अंग हो । सहकारी संस्थामा भए गरेका काम कारवाही र निर्णयहरुको समिक्षा गरि त्यसको सत्य तथ्य प्रतिवेदन शेयर सदस्यहरुमाझ ल्याउनु समितिको कर्तव्य पनि हो । हामीले आफ्नो कार्यभार सम्हाले पश्चात नियमित रुपमा बैठक बसी संस्थाको आन्तरिक परीक्षणको कामलाई सम्पादन गर्दै आईरहेका छौं । यस क्रममा हामीले आन्तरिक एवं बाह्य लेखापरीक्षक, सञ्चालक समिति र उच्च व्यवस्थापन संग समय समयमा छलफल र बैठक समेत राखी यसभित्रका समग्र पक्षको अध्ययन समेत गरेका छौं । आज म यस सम्मानित सभामा नियामक निकायले मार्गनिर्देश गरेको ढाँचामा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समिक्षा प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

१. सहकारी संस्थाको संक्षिप्त विवरण :

संस्थाको नाम : पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कार्यक्षेत्र : कास्की, स्याङ्गजा, तनहुँ, लमजुङ र पर्वत जिल्लाभर

ठेगाना : प्रधान कार्यालय : पोखरा महानगरपालिका वडा नं. १० बुद्धचोक कास्की ।

सेवाकेन्द्रहरु :

१.१) शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौंडा तनहुँ ।

१.२) पोखरा महानगरपालिका वडा नं.२९ भण्डारढिक कास्की ।

१.३) पोखरा महानगरपालिका वडा नं. ३० मोहरिया कास्की ।

संस्थाले गर्ने मुख्य कारोबार : बचत तथा ऋण

अन्य गतिविधी तथा कारोबार : विप्रेषण, वीमा, समूह बचत, परामर्श र सामाजिक गतिविधिहरु ।

२. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

संस्थाको २२औं वार्षिक साधारण सभा मिति २०८० आश्विन ६ गते प्रारम्भ भई २०८० आश्विन ९ गते सम्पन्न भएको छ । एकाईगत रुपमा सम्पन्न भएको वार्षिक साधारण सभाले विभिन्न विषयमा ९ वटा महत्वपूर्ण निर्णयहरु पारित गरेको छ । सभाले पारित गरेको निर्णयहरुको कार्यान्वयन पक्ष उत्साहजनक र राम्रो छ । संस्थाले लिएको वार्षिक लक्ष्य हासिल गरेको छ । सभाको निर्देशन बमोजिम संस्थाको गतिविधीहरु

प्रविधीमैत्री बन्दै गईरहेको पाईन्छ । सभाको निर्णयको पालना गर्दै युवा सदस्यहरुमा कार्यक्रम केन्द्रित भएको छ, खर्चमा न्यूनीकरण गरिएको छ । वार्षिक साधारण सभाको खर्चलाई व्यवस्थित गरिएको छ । सदस्य वृद्धि, बचत वृद्धि, कुल सम्पत्ति वृद्धि भएको छ भने ऋण लगानी, सञ्चालन बचत र शेयर पूँजीमा न्युन हुन गएको छ । प्रतिकुल वित्तीय वातावरणका बीच समेत संस्थाको अधिकांश सूचकहरुमा भएको वृद्धिले संस्थाले रणनीतिक सुझबुझका साथ कार्य सम्पादन गरेको पाईन्छ ।

३. आ.व. २०८०/०८१ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

यस अवधिमा सञ्चालक समितिको १६ वटा बैठक, पदाधिकारीको २ वटा बैठक, लेखा तथा सुपरिवेक्षण समितिको ६ वटा, समिति उपसमितिको संयुक्त बैठक ३ वटा, ऋण उपसमितिको बैठक २१ वटा, उच्च व्यवस्थापन समुहको २६४ वटा बैठक र अन्य उपसमितिहरुको १७ वटा बैठक सम्पन्न भएका छन् । समिति तथा उपसमितिले गरेका अधिकांश निर्णयहरु समयमा नै कार्यान्वयन भएको छ ।

४. ऋण लगानीको प्रक्रिया, अवस्था ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था :

४.१ संस्थामा प्राप्त ऋण निवेदन उपर सुचिकृत प्राविधिक, सम्बन्धित कर्मचारी र ऋण उपसमितिको टोलीले स्थलगत रुपमा धितो तथा परियोजना स्थलको निरीक्षण गर्ने गरिएको छ । निरीक्षण पश्चात मूल्याङ्कन प्रतिवेदनका आधारमा सञ्चालक समिति, ऋण उपसमिति, उच्च व्यवस्थापन समुह, र कार्यालय प्रमुखले आफ्नो क्षेत्राधिकार भित्रको ऋण निर्णय गरि सम्बन्धित कार्यालयबाट धितो बन्धक तथा रोक्का राखी लगानी गरेको छ । संस्थाले लगानी गर्दा घर, जग्गा तथा सवारी साधन र बचत निक्षेप खाता रोक्का राखी लगानी गर्ने गरेको छ भने ३ लाख सम्मको समुह जमानत ऋण समुहको जमानतमा लगानी गर्ने गरेको छ । हाल सम्मको ऋण लगानी र धितोको अवस्था हेर्दा धितो बापत राखिएको सम्पत्तिहरु सुरक्षित देखिन्छ ।

४.२ ऋण विभागिबाट प्राप्त जानकारी बमोजिम समीक्षा अवधिमा ऋण लिने सदस्य १३२३ जना देखिन्छ, भने ३८० जना सदस्यको ऋण भाखा नाघेको सीमामा देखिन्छ । गत वर्षको तुलनामा ऋण लिने सदस्यको संख्या १५८ जनाले घटेको छ । यस अवधिसम्म आईपुग्दा कुल १ अर्ब ६७ करोड ४६ लाख ऋण लगानी भएको छ । वित्तीय बजारमा देखिएको मन्दी र लगानीको वातावरणका कारण ऋण लगानीमा वृद्धि भएको देखिएन । हाल संस्थामा कुल सम्पत्तिमा शुद्ध ऋणको अनुपात भने ६३.७८ प्रतिशत देखिन्छ । संस्थामा हाल कुल ऋणमा ८.४३ प्रतिशत भाखा नाघेको ऋण रहेको पाईयो ।

५. यस अवधिमा भएका मुख्य कार्यक्रम तथा गतिविधीहरुको समीक्षा :

समीक्षा अवधिमा सामाजिक उत्तरदायित्व अर्न्तगत संस्थाले थुप्रै कार्यहरु सम्पन्न गरेको छ । संस्थामा तरलता वृद्धि गर्न मिसन १०० अभियान सञ्चालन गरि बचत वृद्धि गरेको छ । सदस्य र समुदाय केन्द्रित ८४ वटा कार्यक्रम सञ्चालन गरेको छ । संस्थाको गतिविधि समुदायमा पुर्‍याउन २५ वटा रेडियो कार्यक्रम, विपतमा परेका सदस्यहरुलाई राहत वितरण, करिब २ हजार बढीलाई वित्तीय साक्षरता र सहकारी सम्बन्धि शिक्षा, सदस्यहरुलाई उद्यमी बनाउन व्यवसाय विकास सेवा डेस्क स्थापना र संस्थापक अध्यक्षको स्मृतिमा सहकारी पुरस्कार कोषको स्थापना जस्तो कार्यक्रमहरु गरेको छ । समग्रतामा यस वर्ष सम्पन्न कार्यक्रमले संस्थाको छवि उच्च बनाएको र संस्थालाई समुदायमा परिचित र स्थापित गराएको पाईयो ।

६. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धि संक्षिप्त विवरण :

यस अवधिमा संघीय सहकारी विभाग, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय पोखरा, पोखरा महानगरपालिकाबाट सहकारी संघ संस्थाहरुलाई सहकारी ऐन नियमावलीको परिधिभित्र रहेर सञ्चालन हुन र ऋणी सदस्यहरुलाई समयमा नै ऋण चुक्ता गर्नका लागि विशेष निर्देशन र मार्गदर्शन जारी गरेको छ । साथै सहकारीको केन्द्रिय संघबाट जारी मार्गदर्शनलाई समेत जानकारी गराएको छ । संस्थाले यस सम्वन्धमा सञ्चालक समिति र कर्मचारी व्यवस्थापनलाई जानकारी गराई सो सम्बन्धि आवश्यक कदम चालेको पाईन्छ । साथै समयमा ऋणको साँवा तथा किस्ता चुक्ता नगर्ने सदस्यहरुलाई रजिष्ट्रारको कार्यालयबाट प्राप्त निर्देशनको छाँया कपि समेत प्रदान गरि जानकारी गराईएको पाईयो ।

७. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धि विवरणहरु :

सहकारीको नियामक निकाय तथा सहकारी संघहरुले समय समयमा दिएको निर्देशन तथा सुझावहरुलाई पुर्णरुपमा पालना गरेको छ । साथै पालना गरेको विषयहरु सम्वन्धित निकायहरुमा जानकारी गर्ने गरेको समेत पाईयो ।

८. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

८.१ संस्थाको पदाधिकारीहरुलाई नियमित रुपमा पारिश्रमिक वितरण गरिएको छैन ।

८.२ साधारण सभाको निर्णय बमोजिम समिति, उपसमिति तथा सल्लाहकारहरुको नियमानुसार नियमित बैठक बस्ने गरेको, बैठक बसेको समयमा बैठक भत्ता वितरण गरिएको र यसरी वितरण गरिएको बैठक भत्तामा नियमानुसार कर कट्टा गरिएको छ ।

९. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्थाहरु :

९.१ साधारण सभाबाट पारित मानव संसाधन नीति भए/नभएको : भएको संस्थाले वार्षिक साधारण सभाबाट पारित गरि मानव संसाधन नीति २०७९ लागु गरेको छ । नीति बमोजिम कर्मचारीको भर्ना, सेवा सुविधा र व्यवस्थापन गरेको पाईयो ।

९.२ मानव संसाधन नीति प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याईएको

९.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : भएको

कर्मचारी भर्ना प्रकृया पारदर्शिता र प्रतिष्पर्धी छ । सञ्चालक समितिले ३ जनाको कर्मचारी पदपूर्ति उपसमिति मार्फत लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा लिई, कर्मचारी नियुक्ती गर्ने गरेको छ ।

९.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको/नरहेको : कार्यबोझ र तादम्यता मिलेको छ, संस्थाको प्रधान कार्यालय, सेवाकेन्द्रहरु साथै विभागीय जिम्मेवारीमा रहेका कर्मचारीहरुलाई समय समयमा आवश्यकता बमोजिम विभाग हेरफेर गरि कार्यबोझ मिलाउने गरेको पाईन्छ ।

९.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धि विवरण : व्यवस्थापन प्रमुखको योग्यता एम.ए. /एम.बि.ए.

साथै सहकारी व्यवस्थापनमा २५ वर्ष बढीको अनुभव रहेको छ। नीति निर्माण, नयाँ परियोजना निर्माण र व्यवस्थापनमा ध्यान दिई परिस्थिति विश्लेषण गरि छिटो छरितो रुपमा समस्या समाधान गर्न सक्ने क्षमता रहेको छ।

९.६ कर्मचारीहरुको जम्मा संख्या र नियुक्तीको प्रकार :

जम्मा कर्मचारी संख्या	नियमित रोजगारी	कार्यगत रोजगारी
४१	३८	३

१०. समिति, सल्लाहकार, उपसमिति र कर्मचारीहरुले लिएका ऋणको विवरण र भाखा नाघेको अवस्था :

विवरण	समिति	सल्लाहकार	उपसमिति	कर्मचारी
जम्मा संख्या	११	३	३६	४१
ऋण लिएको	४	०	३	१८
भाखा नाघेको संख्या	०	०	०	०

संस्थामा रहेका समिति, सल्लाहकार, उपसमिति र कर्मचारीहरुले नियम बमोजिम ऋण सेवा उपभोग गरिरहनु भएको छ र कसैको पनि भाखा नाघेको ऋण छैन।

११. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

लेखा समितिले विभिन्न समयमा सञ्चालक समिति मार्फत विभिन्न सुझावहरु दिइएकोमा उक्त सुझावहरुलाई सहज रुपमा ग्रहण गरेको छ। सञ्चालक समिति मार्फत व्यवस्थापन तर्फ दिइएको सुझावहरु समेत कार्यान्वयन भएको हामीले पाएका छौं। ऋण असुली तर्फ दिईएका सुझावहरुका सन्दर्भमा कतिपय सदस्यहरुले आर्थिक मन्दीका कारण व्यापार व्यवसायमा भएको सुस्तताका कारण किस्ता तथा व्याज नियमित गर्न नसकेको भनि भाखा नाघेको ऋणमा लक्ष्य बमोजिम प्रगति हासिल हुन सकेको छैन।

१२. लेखा तथा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

१२.१ लेखाको हिसाब प्रचलित दोहोरो लेखा प्रणाली तथा आधुनिक सफ्टवेयर सि.वि.एस (कोर बैंकिङ्ग प्रणाली) को माध्यमबाट स्पष्टसंग राखिएको छ।

१२.२ स्थिर सम्पत्तिको मुल्यमा विगतमा जस्तै ह्रासकट्टी गरि खुद बाँकी रकम देखाइएको छ भने लेखा सम्बन्धित शिर्षकहरु लेखा नीति अन्तर्गत रही स्पष्टसंग राखिएको छ।

१२.३ सहकारी विभागद्धारा जारि सम्पत्ती शुद्धिकरण निवारण निर्देशिका बमोजिम कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको छ। कार्यान्वयन अधिकारीले सिमा कारोबार प्रतिवेदन/शंकास्पद कारोबार प्रतिवेदनहरु नियमित रुपमा सम्बन्धित निकायमा पठाउने गरेको र हरेक ६/६ महिनामा सञ्चालक समितिमा छलफल गर्ने गरेको छ।

१२.४ संस्थामा भए गरेका गतिविधि र सदस्यहरुको गुनासो व्यवस्थापन गर्ने कार्यको लागि सूचना तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

१२.५ संस्थाले शतप्रतिशत सदस्यको डाटा कोपोमिसमा इन्ट्री गरेको र कोपोमिस मार्फत नै प्रतिवेदनहरु पठाउने गरेको पाईयो । यसैगरी अधिकांश सदस्यको सदस्य पहिचान फारम (Know Your Member-KYM) भरि व्यवस्थित गरेको पाईयो ।

१२.६ पर्ल्स अनुगमन बमोजिम हिसाब परीक्षणमा संस्थाको अधिकांश सूचांकहरु सकारात्मक रहेका छन् । संस्थाको वित्तीय स्वास्थ्य परिक्षण गर्न कर्मचारी व्यवस्थापनले साप्ताहिक, मासिक, त्रैमासिक र वार्षिक रुपमा पर्ल्स विश्लेषण गरि सञ्चालक समितिमा पेश गर्ने गरेको पाईयो ।

१२.७ आयकर ऐन बमोजिम संस्थाले बुझाउनुपर्ने सबै प्रकारको करहरु समयमा नै दाखिला गरि ईटिडिएस समेत गरेको छ ।

१२.८ आन्तरिक लेखापरीक्षणका क्रममा सोधनी भएका कुराहरुको कर्मचारी व्यवस्थापनबाट स्पष्ट जानकारी पाइयो । प्रधान कार्यालय र सेवाकेन्द्रहरुको अन्तर सम्वन्ध र व्यवस्थापकीय सञ्चालन व्यवस्थित रहेको पाईयो ।

१२.९ सञ्चालन बचत (नाफा) भएको रकमलाई विनियम अनुसार बाँडफाड गरिएको छ र बाँडफाड गरि बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा जगेडाकोषमा रकमान्तर गर्ने गरिएको छ ।

१२.१० सञ्चालक समितिले आवश्यकतानुसार लेखा तथा सुपरिवेक्षण समितिलाई संयुक्त बैठकमा आमन्त्रण गरि आफ्ना राय सुझावहरु प्रस्तुत गर्ने एवं जानकारी लिने अवसर प्रदान गरेको छ ।

१२.११ व्यवस्थापनले संस्थाको आर्थिक प्रशासन नीति र स्वीकृत बजेटको अधिनमा रही खर्च गर्ने गरेको छ ।

१२.१२ संस्थाले ऋण जोखिम कोषको लागि आवश्यक शतप्रतिशत रकम ऋण नोक्सानी कोषमा व्यवस्था गरेको पाइयो ।

१२.१३ नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.ले सञ्चालन गरेको पूर्ण तथा व्यावसायिक साकोस विकास (प्रोवेशन) कार्यक्रमले संस्थागत विकासमा टेवा पुगेको देखिन्छ ।

१३. लेखा सुपरिवेक्षण समितिको सुझावहरु :

१३.१ संस्थाको परिकल्पना बमोजिम सदस्य सन्तुष्टिलाई ध्यान दिदै दिगो सहकारी निर्माण गर्न आवश्यक रणनीतिहरु तयार गरि लागु गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१३.२ वर्तमान वित्तीय बजारमा देखा पर्ने गरेको अधिक तरलताको समस्यालाई दीर्घकालिन रुपमा समाधान गर्न ऋण सेवालाई सरलीकृत गर्न र ऋणी सदस्यलाई धन सिर्जना गर्ने खालको गतिविधीमा लगानी प्रोत्साहन गर्न सुझाव दिईन्छ । साथै संस्थाले एकल विन्दु व्याजदरमा ऋण लगानी गर्न बनाएको योजनाको व्यापक प्रचार गर्न सुझाव प्रदान गरिन्छ ।

१३.३ लेखालाई नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप व्यवस्थित गर्न आवश्यक तयारी तथा रणनीति बनाउन

समितिलाई सुझाव प्रदान गरिन्छ ।

१३.४ हालको वित्तीय बजारमा सहकारी प्रति हेर्ने दृष्टिकोण सकारात्मक हुन नसकेको सन्दर्भमा सम्पूर्ण सदस्य महानुभावहरुमा संस्थाको सवल पक्षहरुको वकालत गर्दै संस्थाको गरिमा र साखलाई थप मजबुद बनाउन आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्न हार्दिक अपिल गर्दछौं ।

१३.५ संस्थाको गतिविधीलाई स्वतन्त्र रुपमा मूल्यांकनको लागि सामाजिक परिक्षण र सिस्टम परिक्षण गर्न यथाशीघ्र व्यवस्था मिलाउन व्यवस्थापनलाई सुझाव दिईन्छ ।

१३.६ गैह्र बैंकिङ्ग सम्पत्तिलाई समयमा नै व्यवस्थापन गरि आम्दानी वृद्धि गर्न सुझाव दिइन्छ ।

१३.७ सहकारी अभियानमा संस्थाले गरेको नेतृत्व र हासिल गरेको सफलतालाई संस्थाको सम्पत्तिको रुपमा ग्रहण गर्दै यो उचाईलाई कायम राख्न र थप उपलब्धि हासिल गर्ने रणनीति अख्तियार गर्न सुझाव दिइन्छ ।

शेयर सदस्य महानुभावहरु,

हामीले सहकारी विभागले जारी गरेको निर्देशन, प्रचलित लेखा नीति र संस्थाको विनियमको परिधिभित्र रहेर आन्तरिक लेखा परिक्षण र सुपरिवेक्षणका कामहरु सम्पन्न गरेका छौं । संस्थागत सुशासन कायम गर्दै वित्तीय अनुशासन पालना गर्ने र समिति र व्यवस्थापनलाई थप सक्रिय बनाउने काममा हामीले आफ्नो तर्फबाट सम्पूर्ण ध्यान केन्द्रित गरेका छौं । संस्थाले लिएको सुखी सदस्य र दिगो सहकारीको परिकल्पना पुरा गर्न सम्पूर्ण सदस्यहरुले सक्रियताका साथ योगदान गर्न आवश्यक छ । सहकारी क्षेत्रमा देखिएको चुनौती र अविश्वास संस्थामा प्रवेश हुन नदिन सम्पूर्ण सदस्यहरु एकतावद्ध भएर लाग्न हार्दिक अपिल गर्दछौं । आगामी दिन अझै सदस्यमूखी गतिविधी मार्फत वासलातको आकार वृद्धि र सदस्यको सन्तृष्टिको ग्राफ बढ्न सकोस, हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौ ।

अन्तमा यस काममा सहयोग गर्ने सबैलाई आभार व्यक्त गर्दै प्रस्तुत प्रतिवेदन पारित गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद । जय सहकारी ।

लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट,

	नाम	पद	हस्ताक्षर
१	हर्कबहादुर गुरुङ्ग	संयोजक	....
२	खिमकुमारी गुरुङ्ग	सदस्य	....
३	नारायण सुवेदी	सदस्य	....

२३औं वार्षिक साधारण सभा २०८१
सञ्चालक समितिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री भीमबहादुर गुरुङद्धारा प्रस्तुत
आ.व. २०८१/०८२ को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट

सभाका अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, सल्लाहकार परिषदका सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्युहरु, वार्षिक साधारण सभामा उपस्थित सदस्य एवं प्रतिनिधीज्यूहरु, सहकर्मी कर्मचारी साथीहरु ।

पोखरा रोयल सहकारीको गरिमामय २३औं वार्षिक साधारण सभामा हार्दिक स्वागत अभिवादन गर्दै आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रम र अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. पृष्ठभूमि तथा विषय प्रवेश :

हामी **"सुखी सदस्य, दिगो सहकारी"** को परिकल्पनालाई साकार बनाउन लागि परेका छौं । जस्तोसुकै विषम परिस्थितिमा पनि हामीले आफ्नो व्यावसायिक कुशलता र संस्थागत सुशासनको माध्यमबाट संस्थाको गतिविधीलाई हजारौं सहकारी माझ एउटा उत्कृष्ठ र विश्वसनीय संस्थाको रुपमा पहिचान दिन सफल भएका छौं । सहकारी अभियान सदस्यहरुको विश्वासमा चलिरहने एउटा मौलिक आर्थिक संगठन हो । यसले सदस्यहरुको आर्थिक अवस्था सुधार गर्ने, सामाजिक न्याय प्रदान गर्न पहल गर्ने र साँस्कृतिक मूल्य मान्यताहरु स्थापित गर्न अग्रणी भूमिका खेलेको हुन्छ । हामीले सहकारीको विश्वव्यापी सिद्धान्त र मूल्यमान्यता, नेपाल सरकारको नीति निर्देशन, सहकारी अभियानको मार्गदर्शन र संस्थाको विनियमलाई आत्मसाथ गर्दै विगतका सफलता र सदस्यहरुबाट प्राप्त सुझावहरुलाई समेट्दै यस वर्षको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।

२. आ.व. २०८०/०८१ को सिंहावलोकन :

आर्थिक वर्ष २०८०/०८१ लाई फर्केर हेर्दा सहकारी अभियान निकै चुनौतीपूर्ण, समस्या केन्द्रित र उथल पुथल अवस्थामा गुज्रेको वर्षको रुपमा लिएका छौं । खासगरि सहकारीको मूल्य मान्यता र सिद्धान्त साथै वित्तीय अनुशासन बाहिर गएर सहकारी सञ्चालन गर्ने व्यक्ति र समूहको गलत प्रवृत्तिका कारण सिर्जित नकारात्मक समाचारले नागरिकहरुमा अलमल र अविश्वास पैदा गर्‍यो । कोभिड महामारी तथा विभिन्न देशमा भएको युद्धको दीर्घकालिन असर, आर्थिक मन्दी र राजनीतिक अस्थिरता, बैंक तथा वित्तीय संस्था र सहकारी विरुद्ध फैलाएको अफवाह र ऋण तिर्न पर्दैन भन्दै हिड्ने समूह, परिवर्तन भईरहने सरकारको नीति आदिका कारण व्यापार व्यवसाय आफ्नो लयमा फर्कन निकै कठिन रह्यो । जसको कारण कहिले न्यून तरलता त कहिले अधिक तरलताका कारण लगानी संकुचन हुने र निष्क्रिय कर्जामा वृद्धि हुन थाल्यो । यसले समग्रतामा बैंक तथा वित्तीय संस्था र सहकारी क्षेत्रको वार्षिक योजना तथा बजेटमा प्रत्यक्ष असर पुर्‍यायो । तथापि हाम्रो संस्थागत नीति र व्यवस्थापनले लिएको रणनैतिक सुधारको कार्यक्रमले सदस्यहरु माझ आशाको किरण छरेको हामीले पाएका छौं । खासगरि सदस्यसंग रोयल कार्यक्रम, मिसन १०० योजना, ऋण असुलीमा लिएको रणनीति र नियमित सदस्य शिक्षाका कारण हाम्रो वित्तीय अवस्थामा सुधार गर्न सफल भएका छौं । सदस्य सेवा र समुदाय केन्द्रिय व्यवसायमा हामी प्रतिस्पर्धी रणनीतिका साथ अगाडि बढेका छौं । सदस्य वृद्धि, जगेडा कोष वृद्धि, बचत निक्षेप वृद्धि र कुल सम्पत्ति वृद्धि यस वर्षका

सकारात्मक सुचकहरु हुन् । नेफस्कूनद्वारा घोषणा भएको नेपालको साकोस अभियानको उत्कृष्ठ व्यस्थापक पुरस्कार संस्थाले हासिल गर्नु अर्को गर्विलो ईतिहासको थालनी हो । यो सबै सफलता र वृद्धिले विश्वासको अर्को नाम पोखरा रोयल भन्ने सोचलाई स्थापित गरेको छ । जसलाई हामीले रणनैतिक रुपमा सफलताको वर्षको रुपमा लिएका छौं ।

३. नीति तथा कार्यक्रमको मूख्य क्षेत्र र प्राथमिकीकरण :

चालु वर्षको लागि निम्न बमोजिम नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखी योजना बनाईएको छ ।

३.१ सदस्यहरुको बचत सुरक्षा र वित्तीय स्वास्थ्यमा ध्यान दिईनेछ ।
३.२ युवा तथा पेशागत सदस्यता विस्तार गर्ने रणनीति लिईनेछ ।
३.३ शेयर रकमलाई कारोबारसंग सन्तुलन कायम गरिनेछ ।
३.४ साना तथा मझौला ऋण लगानी नीतिलाई प्रोत्साहन गरिनेछ ।
३.५ सहकारीलाई नाफामुखी भन्दा सेवामुखी व्यवसायमा केन्द्रित गराईनेछ ।
३.६ प्रविधीमैत्री सेवालाई सबै सदस्य माझ विस्तार गरिनेछ ।
३.७ १०० जना सदस्यलाई सीपमूलक तालिम प्रदान गरिनेछ ।
३.८ समयानुकुल संस्थागत तथा नीतिगत परिवर्तन र पुर्नसंरचना गरिनेछ ।
३.९ आय र व्ययको सन्तुलन कायम गर्दै प्रतिस्पर्धी लाभ वितरण गर्दै संस्थागत कोष वृद्धिमा ध्यान दिईनेछ
३.१० पोखरा रोयललाई समुदायको पहिलो रोजाईको दिगो संस्था बनाईनेछ ।

४. प्रस्तावित कार्यक्रम तथा योजना :

४.१ शेयर सदस्य तथा शेयर पूँजी वृद्धि :

४.१.१) यस वर्ष १५ प्रतिशतले नयाँ सदस्य वृद्धि गरि १० हजार पुऱ्याइनेछ । यसका लागि समुदाय स्तरमा सहकारी प्रवेश पुर्व अभिमूखीकरण शिक्षा सञ्चालन गरिनेछ । रु.१० हजार भन्दा कम शेयर भएका सदस्यहरुलाई शेयर वृद्धि गर्न प्रोत्साहन गरिनेछ । हरेक सदस्यलाई १०० कित्ता शेयर बनाउन आव्हान गरिनेछ । युवा वर्गलाई सदस्य प्रदान गर्न अनलाईन विधि मार्फत आवेदन दिन सक्ने व्यवस्था मिलाईनेछ ।

४.१.२) सहकारीको वास्तविक अवस्था चिनाउन सदस्यसंग रोयल अभियान अर्न्तगत १०० वटा गतिविधी सञ्चालन गरिनेछ । सदस्य भईसकेको स्थानहरुमा विस्तारित मञ्च कार्यक्रम सञ्चालन गरि सदस्यहरुको समस्या, माग र योजनाहरुलाई सम्बोधन गरिनेछ । यस वर्ष कम्तिमा पनि ५००० सदस्यहरुलाई स्मार्ट कोअप कार्ड प्रदान गरिनेछ ।

४.१.३) बचत तथा ऋण कारोबारतर्फ उत्कृष्ठ कारोबार गरिरहेका १०० सदस्यहरु बीच संस्था विकास र समृद्धिको लागि विशेष नीति, वहस अभियान सञ्चालन गरिनेछ ।

४.१.४) 'हरेक महिना, १०० भन्दा कम छैन' अभियान अर्न्तगत प्रत्येक महिना कम्तिमा १०० जना सदस्य वृद्धि गरिनेछ । यसका लागि सम्पूर्ण कर्मचारी, समिति उपसमिति र युवा स्वयंसेवीलाई परिचालन गरिनेछ । यस अभियानलाई सफल बनाउन Each one teach one अभियान अर्न्तगत हरेक सदस्यले वर्षमा एक जना नयाँ सदस्य सिफारिस गर्न प्रस्ताव गरिएको छ ।

४.१.५) देशको विभिन्न स्थान तथा देश बाहिर छरिएर रहेका सदस्यहरुको तथ्यांक संकलन गरि नियमित सम्पर्क र समन्वय गर्ने व्यवस्थित संयन्त्र निर्माण गरिनेछ ।

४.२ बचत निक्षेप संकलन तथा व्यवस्थापन :

४.२.१) बचत निक्षेपमा कम्तिमा १० प्रतिशतले वृद्धि गरिनेछ भने मासिक अनिवार्य बचतको रकममा वृद्धि गराईनेछ । हरेक सदस्यलाई न्यूनतम १ लाख बराबरको नियमित बचत पुऱ्याउन आव्हान गरिनेछ । १०० दिने आवधिक बचत योजनालाई निरन्तरता दिईनेछ ।

४.२.२) बाल बचत/युवा बचत/वीमा बचत/गहना बचत/सम्पत्ति खरिद बचत जस्ता धन सिर्जना गर्ने शिर्षकहरुमा जोड दिईनेछ । सानै उमेर देखि बचत गर्ने बानी बसाल्न यस वर्ष कम्तिमा पनि ५०० जना छुनुमुनु बचत खाता सञ्चालन गरिनेछ । खाता सञ्चालन गर्ने बाल बालिकालाई निशुल्क खुत्रुके बक्स उपलब्ध गराईनेछ ।

४.३ ऋण लगानी तथा असुली योजना :

४.३.१.) कुल ऋण लगानी कम्तिमा १५ प्रतिशतले वृद्धि गरिनेछ । यस वर्ष थप ८०० जना सदस्यमा ऋण सेवा प्रदान गरिनेछ । भाखा नाघेको ऋणलाई ५ प्रतिशत भित्र कायम गरिनेछ । साना तथा मझौला ऋण फाईलहरुलाई प्राथमिकतामा राखी लगानी गरिनेछ ।

४.३.२.) सदस्यको आयस्रोत हेरी बढीमा २० वर्ष सम्मको भुक्तानी अवधि र ६ महिना सम्मको ग्रेस पिरियडको सुविधालाई निरन्तरता दिईनेछ । यस वर्ष शतप्रतिशत ऋणको सदुपयोगिता जाँच गरिनेछ । उत्पादनमूलक, आयमूलक र कृषि क्षेत्रमा ऋण लगानी केन्द्रित गरिनेछ । ऋण लगानीको नयाँ क्षेत्रहरु जस्तै विद्युतीय सवारी साधन, विद्युतीय सामाग्री, साईकल, हरित परियोजना, प्रोफेसनल ऋण जस्ता ऋण शिर्षकहरुलाई प्रोत्साहन गरिनेछ ।

४.३.३.) असल ऋणी सदस्यलाई तिरेको व्याजमा ३ प्रतिशत छुट दिने र भाखा नघाएका ऋणीलाई भाखा नाघेको ऋण रकममा ३ प्रतिशत हर्जाना लिने नीतिलाई निरन्तरता दिईनेछ । समयावधि भित्र ऋण भुक्तानी नगर्ने सदस्यहरुलाई कानुनी दायरामा ल्याई ऋण असुली गरिनेछ ।

४.३.४) लगानी पूर्व अनिवार्य परामर्श, जोखिम पहिचान, आम्दानी पहिचान, धितोको अवस्था, लगानीको क्षेत्र, वित्तीय साक्षरता र ऋण सदुपयोगिता जस्ता विषयहरुलाई आधार लिई ऋण लगानीको मन्त्रको रुपमा अंगीकार गरिनेछ ।

४.४ समुह जमानत ऋण कार्यक्रम :

समुह जमानत ऋण लगानी कार्यक्रमलाई महिलाहरुको वित्तीय साझेदार अभियानको रुपमा लगिनेछ । कार्यक्रममा आवद्ध केन्द्र प्रमुखहरुको गोष्ठी गरि अनुभव आदान प्रदान गरिनेछ । समुह जमानत ऋण कार्यक्रममा आवद्ध उत्कृष्ठ १०० जना सदस्यहरुलाई निशुल्क सीपमूलक तथा आयमूलक तालिम प्रदान गरिनेछ ।

४.५ प्रविधीमैत्री र नवप्रवर्तन सेवा :

संस्थाको कारोवारलाई क्रमश क्यासलेस, चेकलेस र पेपरलेस बनाईनेछ । यस वर्ष थप मोवाईल बैंकिङ्ग

प्रयोगकर्ता १ हजार ५ सय जना, एटिएम प्रयोगकर्ता १ सय जना, क्युआर प्रयोगकर्ता ५ सय जना र एसएमएस प्रयोगकर्ता १ हजार जनालाई सेवामा आवद्ध गराईनेछ । संस्थाको वेबसाईट, यूट्यूब, एस.एम.एस, फेसबुक, टिकटक र इन्स्ट्राग्राम अकाउन्ट मार्फत संस्थाको सेवा र विशेषताहरुको प्रचार प्रसार गरिनेछ। संस्थामा प्रयोगमा रहेका आन्तरिक प्राविधिक उपकरणहरुको व्यवस्थापन र क्षमता विस्तार गरिनेछ । संस्थाबाट उपलब्ध हुने सेवाहरुको प्रचार प्रसारको लागि विद्युतीय प्रचार सामग्री निर्माण गरि सदस्य माझ पुर्‍याईनेछ। संस्थाले प्रयोग गरिरहेको कोर बैंकिङ्ग प्रणालीलाई थप सुविधा सम्पन्न र सहज बनाउन सेवा प्रदायक कम्पनीसंग साझेदारी गरिनेछ।

४.६ वीमा तथा सुरक्षा योजना :

सदस्यहरुलाई लगानी गरिएको ऋणको सुरक्षण र सेवा दिने अभिप्रायले जीवन तथा निर्जीवन वीमा कम्पनीसंग संस्थागत सम्झौता गरि वीमा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । वीमा कम्पनीहरु संगको सेवालाई थप व्यवस्थित र सुलभ बनाई निरन्तरता दिईनेछ । समुह जमानत ऋण र अन्य ऋण सेवा उपभोग गर्ने सदस्यहरुको लागि वीमा कार्यक्रममा सहभागी गराईनेछ। आगामी दिनमा ईच्छुक अन्य सदस्यहरुलाई समेत वीमा सेवामा सहभागी गराउन प्रोत्साहन गरिनेछ। कृषक सदस्यहरुको कृषि, फलफूल तथा पशु वीमा कार्यको लागि वीमा कम्पनीहरु संग सहकार्य गरि सेवा प्रदान गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

४.७ विप्रेषण (रेमिट्यान्स) सेवा :

संस्थामा आवद्ध सदस्यहरुको लागि विप्रेषण (रेमिट्यान्स) सेवालाई थप प्रभावकारी बनाईनेछ । यस वर्ष ५ हजार बढी सदस्य तथा सेवाग्राहीलाई रेमिट्यान्स सेवा प्रदान गरिनेछ । रेमिट्यान्सबाट भुक्तानी लिने स्थानीयलाई संस्थाको सदस्य बनाईनेछ। विभिन्न कम्पनी तथा मोबाईल बैंकिङ्ग सेवा दिईरहेको एम बैंक मार्फत विप्रेषण भुक्तानी प्रणालीमा सम्झौता गरि सदस्यहरुको रकमलाई मुलुकभर रकमान्तर गर्न नयाँ प्रणालीको विकास गरिनेछ।

४.८ क्षमता अभिवृद्धि कार्यक्रम :

संस्थाका सदस्य, समिति तथा कर्मचारीहरुलाई लक्षित गरि विषयगत तालिमहरु सञ्चालन गरिनेछ। नेपाल वित्तीय प्रतिवेदनमान (एनएफआरएस), पर्ल्स विश्लेषण, ऋण व्यवस्थापन, नीतिगत सचेतना, रणनीतिक योजनाको आवधिक समीक्षा, सम्पत्ति शुद्धिकरण, कर व्यवस्थापन, मोबाईल बैंकिङ्ग, आन्तरिक ज्ञान व्यवस्थापन, प्रविधी तथा वित्तीय साक्षरता जस्ता तालिमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। यस वर्ष आन्तरिक तथा बाह्य गरि विभिन्न विषयका १०० वटा अभिमूखीकरण, सचेतना, तालिम तथा गोष्ठीहरु सम्पन्न गरिनेछ।

४.९ संघ/संस्था सहकार्य तथा समन्वय :

संस्थाले हासिल गरेका असल अभ्यास, सफलताको कथा र गतिविधिलाई सरकारी निकाय सहकारी अभियान र गैह्र सरकारी निकायसंग आदान प्रदान गर्न पहुँच तथा सम्बन्ध विस्तार गरिनेछ । रोयल फाउण्डेसन संगको सहकार्यलाई थप व्यवस्थित गरिनेछ । संस्थाले संस्थागत सहभागिता गरेका

सहकारीका संघ र बैंकहरुमा संस्थागत पहुँच विस्तार गरिनेछ। संस्थाको कार्यालय रहेका वडाका सहकारीसंग अन्तर सहकारी सम्वन्ध विस्तार गरिनेछ। सम्भावित सहकारीसंग भगिनी सम्वन्ध, एकिकरण प्रयास र व्यावसायिक साझेदारी कायम गरिनेछ। संस्थाको असल अभ्यास र सिकाईलाई थप उचाईमा पुऱ्याउन अर्न्तराष्ट्रिय सहकारी संघ संस्थासंग समन्वय र सम्बन्ध विस्तार गर्ने संयन्त्र निर्माण गरिनेछ। सदस्यहरुको सुविधाको लागि यस वर्ष थप ५ वटा व्यावसायिक प्रतिष्ठानहरुसंग सम्झौता गरि सदस्यहरुमाझ सुचना संप्रेषण गरिनेछ।

४.१० प्रकाशन, प्रशारण तथा सुचना सम्प्रेषण :

संस्थाले हासिल गरेका उत्कृष्ठ कार्य, गतिविधी र असल अभ्यासहरुलाई सदस्य माझ पुऱ्याउन यस वर्ष कम्तिमा २ वटा सहकारी बुलेटिनको प्रकाशन गरिनेछ। त्यसरी नै सदस्य हाते पुस्तिका, नयाँ वस्तु तथा सेवाको जानकारीको ब्रोसर, फोटो बुलेटिन आदिको प्रकाशन गरिनेछ। सेभिङ्ग बक्स, झोला, भित्तेपात्रो, कपि, डटपेन, छाता, टिसर्ट, डायरी तथा सामाजिक सञ्जाल मार्फत प्रचार हुने विद्युतीय सामग्रीहरुको समेत निर्माण गरि सदस्य माझ पुऱ्याउने व्यवस्था गरिनेछ। संस्थाको वृत्तचित्र र परिचयात्मक भिडियोलाई पुनःउत्पादन गरि सदस्य माझ ल्याईनेछ। उत्कृष्ठ सदस्य र नमुना फर्महरुको सफलताका कथा समेटिएको भिडियो निर्माण गरि समुदायमा प्रसारण गर्ने व्यवस्था मिलाईनेछ। स्थानीय रेडियो तथा टेलिभिजन मार्फत नियमित कार्यक्रम उत्पादन गरि प्रसारणको व्यवस्था गरिनेछ।

४.११ सामाजिक उत्तरदायित्व तर्फ :

४.११.१) पोखरा रोयल सहकारीलाई सदस्य माझ थप परिचित गर्न र समुदायको पहिलो रोजाईको संस्था बनाईराख्न समुदाय र सदस्य केन्द्रित १०० वटा गतिविधी सञ्चालन गरिनेछ। यस वर्ष स्वास्थ्य शिविर, स्वास्थ्य सचेतना, संस्था स्थापना दिवस, ग्लोवल मनी वीक, युवा दिवस, सहकारी दिवस (सरसफाई र अन्तरकृया), महिला गोष्ठी, विद्यार्थी केन्द्रित (वित्तीय साक्षरता, डिजिटल साक्षरता), खेलकुद कार्यक्रम, शैक्षिक छात्रवृत्ति जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

४.११.२) सदस्य सम्मान अर्न्तगत वर्ष उत्कृष्ठ सदस्य, मासिक उत्कृष्ठ सदस्य, ईकाईगत उत्कृष्ठ सदस्य, कर्मचारी सम्मान अर्न्तगत वर्ष उत्कृष्ठ कर्मचारी, रजत सेवा पदक, दशक सेवा पदक तथा त्रैमासिक उत्कृष्ठ कर्मचारी सम्मान तथा पुरस्कार जस्ता गतिविधीलाई निरन्तरता दिईनेछ। ज्येष्ठ सदस्यहरुलाई दिईदै आएको पेन्सन सुविधा रोयल फाउन्डेसनको सहकार्यमा सदस्यको घर घरमै उपलब्ध गराईनेछ।

४.११.३) सहकारी क्षेत्रमा विशिष्ट योगदान गरेका श्रष्टा तथा अभियन्ताहरुलाई संस्थाद्धारा विगतका वर्षहरुमा प्रदान गरिदै आएका राष्ट्रिय तथा प्रादेशिक सहकारी पुरस्कारलाई निरन्तरता दिईनेछ।

४.११.४) पालिका तथा वडा कार्यालयहरुसंग समन्वय गरेर आवश्यकताका आधारमा थप समुदाय केन्द्रित गतिविधी सञ्चालन गरिनेछ। सदस्य पहुँचको आधारमा कम्तिमा १०० घरधुरी भएका गाँउ र टोललाई सहकारी संस्कारयुक्त गाँउ निर्माणको लागि आवश्यक नीतिगत र संरचनागत पहलकदमी गरिनेछ।

५. सुशासन र आचार संहिता पालना :

५.१ संस्थाको हरेक गतिविधीलाई संस्थागत सुशासनमा सञ्चालन गर्न समिति, उपसमिति, कर्मचारी र

सदस्यहरुको आचार संहितालाई समयानुकुल परिवर्तन गरि लागु गरिनेछ ।

५.२ संस्थाको आधिकारिक वेबसाईट तथा सामाजिक सञ्जालमा प्रेसित सूचना, समाचार तथा प्रचारात्मक सन्देश तथा भिडियोलाई शेयर गर्ने, लाईक गर्ने तथा सकारात्मक उर्जा प्रदान गर्ने गरि कमेन्ट गर्न सबै सदस्यहरुको कर्तव्य हुनेछ। संस्थाको घोषित नीति र कार्यक्रमलाई असर पुग्ने गरि गरिएको कमेन्टहरुलाई संस्थाले जानकारीमा राख्ने र आवश्यक कारवाहीको दायरामा ल्याईनेछ ।

५.३ सहकारी कानून बमोजिम दोहोरो सदस्यता व्यवस्थापनको लागि संस्थाले सदस्यहरुको लागि सूचना तथा उपयुक्त माध्यमबाट जानकारी गराईनेछ । यसरी जानकारी गराउँदा पनि सदस्यता व्यवस्थापन नगर्ने सदस्यहरुको लागि संस्थाले उपयुक्त निर्णय गरि सदस्यता खारेज गर्ने नीति लिईनेछ ।

५.४ संस्थाको नीति तथा आचारसंहिता बमोजिम मासिक बचत नियमित नगर्ने, कर्जाको किस्ता नियमित नगर्ने, संस्थाको गोपनियता भंग गर्ने तथा संस्थाको सभा तथा कार्यक्रमहरुमा नियमित रुपमा सहभागी नहुने सदस्यहरुलाई संस्थाको सेवा सुविधा र अवसरबाट वञ्चित हुन सक्ने विषयलाई कडाईका साथ पालना गरिनेछ ।

अध्यक्षज्यू, र उपस्थित सदस्य महानुभावहरु, अब म आ.व.२०८१/०८२ को लागि प्रस्तावित बजेटको प्राथमिक क्षेत्रबारे स्पष्ट गर्ने अनुमति चाहन्छु ।

६. बजेट तयारीको आधार र प्राथमिकीकरण :

६.१ बजेट निर्माण गर्दा गतवर्षको प्रस्तावित बजेट र वास्तविक प्रगति साथै यसको असर र प्रभाव साथै वर्तमान वित्तीय बजार र सरकारले परिवर्तन गरेको नीतिलाई आधार मानेको छ ।

६.२ संस्थाको नीति तथा कार्यक्रमको आधारमा अनावश्यक खर्चलाई न्यूनीकरण गर्ने नीति लिईएको छ ।

६.३ आम्दानी र खर्चका सीमालाई सन्तुलन कायम गरि सदस्यलाई लाभ हुने गरि कार्य गरिनेछ। बचत निक्षेप र ऋण तर्फको व्याजदर भने असामान्य हिसाबमा परिवर्तन हुने अनुमान गरिएको छ ।

६.४ लेखाको सामान्य सिद्धान्तलाई अंगीकार गर्दै लेखापरीक्षक र लेखा तथा सुपरिवेक्षण समितिले दिएको सुझावलाई समेत आधार लिई बजेट तयारी गरिएको छ । गत वर्ष प्राप्त सुझावहरुलाई समेत बजेट निर्माणको आधार बनाईएको छ ।

६.५ तरल वित्तीय बजार र आर्थिक मन्दीले पारेको प्रभावले आगामी वर्षलाई समेत प्रतिकुल प्रभाव पार्न सक्ने प्रक्षेपण सहित बजेटको आकार निर्धारण गरिएको छ ।

६.६ शेयर पूँजीमा गरिएको सन्तुलन र संस्थागत पूँजीको वृद्धिका कारण आगामी वर्ष प्रतिस्पर्धात्मक रुपमा प्रतिफल वितरण गर्न सकिने प्रक्षेपण गरिएको छ ।

७. अनुमानित बजेट :

अध्यक्षज्यू, र उपस्थित सदस्य महानुभावहरु, अब म आ.व. २०८१/०८२ को लागि निम्न बमोजिमको अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु ।

रु हजारमा

क्र.स.	शिर्षक		आ.व. ०८०/०८१ अनुमानित	आ.व. ०८०/०८१ वास्तविक	आ.व. ०८१/०८२ अनुमानित
१	**व्याज आम्दानी**		**३००,१६१**	**२८१,५६१**	**२७८,००५**
	१.१	ऋण लगानी	२८४,६६१	२४८,२२८	२५४,००५
	१.२	बैंक तथा वित्तिय संस्था	१५,५००	३३,३३३	२४,०००
	१.३	अन्य/विविध	०	०	०
२	**अन्य आम्दानी**		**११,१५५**	**११,४३१**	**१४,२३०**
	२.१	प्रवेश शुल्क	१३०	८७	१३०
	२.२	निवेदन दस्तुर	२००	३७२	२००
	२.३	व्यवस्थापन शुल्क	५,५००	६,०१२	५,५००
	२.४	घरभाडा	५६५	५९८	६१०
	२.५	लाभांश	४००	५६	३००
	२.६	विक्रीबाट प्राप्त	०	०	०
	२.७	मोवाईल बैंकिङ्ग	१५०	१६९	२००
	२.८	एस.एम.एस. बैंकिङ्ग	५०	६४	१००
	२.९	प्रविधि/डेविट कार्ड	२००	८६	१००
	२.१०	कर्मचारी वोनस फिर्ता	६१०	६१०	१,५९०
	२.११	हर्जाना व्याज	०	३,०५२	०
	२.१२	गैह्र बैंकिङ्ग सम्पत्तिको व्याज	३,०००	०	३,०००
	२.१३	गैह्र बैंकिङ्ग सम्पत्ति विक्री	०	०	२,०००
	२.१४	पुरस्कार	०	०	१००
	२.१५	अन्य/विविध	३५०	३२५	४००
३	ऋण सुरक्षण कोष फिर्ता		**१५,०००**	**३,१६७**	**१५,०००**
	३.१	ऋण सुरक्षण कोष फिर्ता	१५,०००	३,१६७	१५,०००
	कुल आम्दानी		**३२६,३१६**	**२९६,१५९**	**३०७,२३५**

रु हजारमा

क्र.स.	शिर्षक		आ.व. ०८०/०८१ अनुमानित	आ.व. ०८०/०८१ वास्तविक	आ.व. ०८१/०८२ अनुमानित
१	**ब्याज (वित्तिय) खर्च**		**१७५,०००**	**१७२,९२९**	**१७५,०००**
	१.१	वचत/निक्षेपको ब्याज	१७५,०००	१७२,९२९	१७५,०००
	१.२	वाह्य ऋणको ब्याज	-	-	-
२	**कर्मचारी खर्च**		३४,९१६	३४,९८८	३१,८३५
	२.१	तलव	१६,६१८	१६,६६४	१६,११०
	२.२	ग्रेड	१,८५४	१,८२९	१,५६०
	२.३	सञ्चयकोष	१,८४७	१,८४९	१,८१०
	२.४	विशेष भत्ता	४,१०४	४,१४८	३,९००
	२.५	चाडपर्व भत्ता	१,४९७	१,४९६	१,५०५
	२.६	पोशाक भत्ता	१,०७५	१,०७५	१,०२५
	२.७	औषधोपचार भत्ता	१,५४०	१,५२३	१,५०५
	२.८	संचित विदा भत्ता	१,३७१	१,३३७	१,४३०
	२.९	प्रोत्साहन तथा पुनःताजगी भत्ता	३४०	३१७	३२६
	२.१०	उपदान	३,८७०	४,१०५	२,६६४
	२.११	व्यवस्थापन प्रशिक्षार्थी	८००	६४५	८५०
३	**प्रशासनिक खर्च**		**२२,४००**	**१६,०४९**	**२६,६००**
३.१	**कार्यालय सञ्चालन खर्च**		**८,६५०**	**७,१५२**	**९,९००**
	३.१.१	पानी	१५०	१३१	२००
	३.१.२	विद्युत	८००	७७०	८००
	३.१.३	घर भाडा	१,५००	१,३३१	१,४५०
	३.१.४	दर्ता नविकरण	१५०	२९६	३५०
	३.१.५	पत्रपत्रिका	५०	४९	१००
	३.१.६	ईन्धन	१,०००	७१०	१,०००
	३.१.७	किचन व्यवस्थापन	३००	१०४	५००
	३.१.८	कार्यालय/मसलन्द	५००	३७६	३००
	३.१.९	अतिथि सत्कार	३००	६१	३००

	३.१.१०	सुचना/शुभकामना/समवेदना	३५०	२२५	३५०
	३.१.११	विमा	७००	६४६	७००
	३.१.१२	सरसफाई	३००	३३५	३५०
	३.१.१३	कार्यालय सुरक्षा	१,२००	१,२००	१,८००
	३.१.१४	छपाई स्टेशनरी	९००	८२३	१,२००
	३.१.१५	स्टेशनरी सामान	३००	७८	४००
	३.१.१६	अन्य/विविध	१००	१७	१००
३.२	**व्यवसाय प्रवर्द्धन खर्च**		**३,६००**	**१,७३५**	**६,०५०**
	३.२.१	व्यापार प्रर्वद्धन	१,०००	३४६	१,५००
	३.२.२	सामुदायिक सेवा	३००	४०	७००
	३.२.३	अध्ययन अवलोकन भ्रमण	७००	-	१,०००
	३.२.४	खाताबन्दी	१००	१००	१५०
	३.२.५	दैनिक भ्रमण भत्ता	७००	६८४	८००
	३.२.६	तालिम	२००	४०५	१,०००
	३.२.७	ब्रान्डिङ्ग	२००	११५	२००
	३.२.८	प्राविधिक	२००	-	२००
	३.२.९	प्रकाशन	२००	४५	५००
	३.२.१०	व्याज छुट (रिवेट)	०	-	-
३.३	**सञ्चार एवं प्रविधि खर्च**		**२,२००**	**१,०४२**	**२,२००**
	३.३.१	टेलिफोन	२००	६०	२००
	३.३.२	ईन्टरनेट र इन्ट्रानेट	४००	२९९	४००
	३.३.३	सुचना प्रविधि	४००	१०९	४००
	३.३.४	एटिएम कारोवार खर्च	२५०	७५	२५०
	३.३.५	मोवाईल बैंकिङ्ग	३००	३१	३००
	३.३.६	डेबिट कार्ड	२५०	२१०	२५०
	३.३.७	सफ्टवयर	४००	२५८	४००
३.४	**वार्षिक नियमित खर्च**		**५,७५०**	**४,४६२**	**६,१००**
	३.४.१	साधारण सभा	५,०००	३,९१७	५,०००

	३.४.२	वार्षिकोत्सव	३००	१९५	५००
	३.४.३	आन्तरिक लेखापरीक्षण	१५०	१५०	१५०
	३.४.४	लेखापरीक्षण	२००	२००	३५०
	३.४.५	सम्पत्ति अपलेखन	१००	-	१००
३.५	**मर्मत सम्भार खर्च**		**९००**	**८३३**	**१,०५०**
	३.५.१	मर्मत सम्भार कम्प्युटर सामान	१५०	१६७	२००
	३.५.२	मर्मत सम्भार लिजहोल्ड	१५०	५२	१५०
	३.५.३	मर्मत सम्भार भवन	१००	२००	२००
	३.५.४	मर्मत सम्भार सवारी साधन	३००	२९५	२५०
	३.५.५	मर्मत सम्भार कार्यालय सामान	५०	३३	१००
	३.५.६	मर्मत सम्भार एयर कन्डिसन	१००	८३	१००
	३.५.७	मर्मत सम्भार विविध	५०	३	५०
३.६	**वैठक सञ्चालन भत्ता**		**१,३००**	**८२५**	**१,३००**
	३.६.१	वैठक भत्ता	१,२००	७८१	१,२००
	३.६.३	अन्य भत्ता	१००	४४	१००
४	**ऋण सुरक्षण कोष**		**०**	**-**	**-**
	४.१	ऋण सुरक्षण कोष	०	-	-
५	**ह्रास कट्टी**		**४,०००**	**३,८४४**	**३,८००**
	५.१	ह्रास कट्टी	४,०००	३,८४४	३,८००
	जम्मा खर्च		**२३६,३१६**	**२२७,८१०**	**२३७,२३५**
जम्मा आम्दानी			**३२६,३१६**	**२९६,१५९**	**३०७,२३५**
जम्मा खर्च			**२३६,३१६**	**२२७,८१०**	**२३७,२३५**
सञ्चालन बचत नाफा			**९०,०००**	**६८,३४९**	**७०,०००**

साथै आर्थिक वर्ष २०८०/०८१ को बजेटमा देहाय बमोजिमको शिर्षकमा बजेट अनुसार आम्दानी तथा खर्चमा रकम फरक भएकोले यस सम्मानित सभामा अनुमोदनको लागि पेश गर्दछु ।

रु हजारमा

क.स.	शिर्षक	आ.व. ०८०/०८१ अनुमानित	आ.व. ०८०/०८१ वास्तविक	अनुमोदन गर्नुपर्ने रकम
१	व्याज आम्दानी	३००,१६१	२८१,५६१	(१८,६००)
२	अन्य आम्दानी	११,१५५	११,४३१	२७६
३	ऋण सुरक्षण कोष फिर्ता आम्दानी	१५,०००	३,१६७	(११,८३३)
४	व्याज (वित्तिय) खर्च	१७५,०००	१७२,९२९	(२,०७१)
५	कर्मचारी खर्च	३४,९१६	३४,९८८	७२
६	प्रशासनिक खर्च	२२,४००	१६,०४९	(६,३५१)
७	ह्रास कट्टी खर्च	४,०००	३,८४४	(१५६

अध्यक्ष ज्यू, तथा सदस्य महानुभावहरु,

हामी सधैं वास्तविक वर्तमान र उज्यालो भविष्यको संवाहक बनेर सदस्य सेवामा केन्द्रित छौं । अबको २ वर्ष पश्चात संस्था स्थापनाको २५ औं वसन्तमा प्रवेश गर्नेछौं । रजत वर्ष प्रवेश र ४ वर्षे रणनीतिक योजनाको समापन समेतको पुर्व सन्ध्यामा हामीले आफ्नो लक्ष्य र उपलब्धिहरुको चर्चा र समीक्षा गर्ने तयारीमा जुटिरहेका छौं । विभिन्न समयमा देखिएको विषम परिस्थितिमा पनि हामी हजारौ वित्तीय संस्थाको माभ्क दिगो र विश्वसनीय सहकारीको पहिचान बनाउदै प्रतिस्पर्धी प्रतिफल दिन सक्षम भएका छौं । हामीले सहकारी मूल्य मान्यता, नियामक निकायको निर्देशन र सहकारी अभियानको मार्गदर्शनलाई आत्मसाथ गर्दै आएका छौं । समिति र व्यवस्थापनले प्रस्ताव गरेको हरेक विषयहरुमा यहाँहरुको सकारात्मक साथ र रचनात्मक सहयोगको हामीले उच्च मुल्यांकन गरेका छौं । आगामी वर्ष हामीले थप उत्कृष्ठता हासिल गर्नु नै छ। यसको लागि सदस्यज्यूहरुको निरन्तर सल्लाह सुझाव र ऐक्यवद्धताको अपेक्षा गरेका छौं । समग्रतामा संस्थाको स्पष्ट नीति तथा कार्यक्रम र बजेट परिचालनले संस्थाले परिकल्पना गरेको सुखी सदस्य र दिगो सहकारी निर्माणको आधारशिला तयार हुनेछ।

अन्तमा जस्तोसुकै परिस्थितिमा पनि आफ्नो कर्तव्यलाई शिरमा राखी सदस्य सेवामा अहोरात्र खटिने मेरा सहकर्मी मित्रहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । नियामक निकाय, सहकारी अभियानका सबै सहयोगी मित्रहरु, सञ्चालक, लेखा तथा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, सल्लाहकार र विभिन्न उपसमितिका सदस्य मित्रहरु, संचार जगत र सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दै यो कार्यक्रम तथा बजेट पारित गरिदिनु हुन प्रस्ताव गर्दछु ।

धन्यवाद । जय सहकारी । जय पोखरा रोयल सहकारी ।

भीमबहादुर गुरुङ
प्रमुख कार्यकारी अधिकृत

Raj Kumar Phuyal
Membership No.893, COP No.688, Firm No.591
9851203839
PAN No. 603766271

R.K. PHUYAL & ASSOCIATES

Chartered Accountants

Member of The Institute of Chartered Accountants of Nepal (ICAN)

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

प्रतिदावी राय :

हामीले यसै साथ संलग्न पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३१ असार २०८१ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

प्रतिदावी रायको आधार अनुच्छेदमा उल्लेख गरिएको विषयको कारण नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) लागू गर्दा त्यसले वित्तीय विवरणमा पार्ने प्रभावको परिमाणीकरण गर्ने पर्याप्त प्रमाणहरुको अभावमा हामी यस संस्थाको आ. व. २०८०/८१ को वित्तीय विवरणहरुमा आफ्नो राय व्यक्त गर्न असमर्थ छौं ।

प्रतिदावी रायका आधारहरु,

संस्थाले प्रस्तुत गरेको वित्तीय विवरणहरु नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार गरिएको छैन । नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय सूचनाको पुर्नलेखन, प्रस्तुती र खुलासा नगरिएकोले यसको समग्र प्रभाव अनिश्चित, उल्लेख्य र व्यापक हुन सक्दछ ।

हामीले नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसंग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हाते पुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस सस्थाबाट स्वतन्त्र छौं, र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

Kathmandu, Nepal carajkumarphuyal@gmail.com

लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters):

लेखापरीक्षणका मुख्य मामिला ती विषयहरु हुन् जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वको विषय रहेको हुन्छ। उक्त मामिलाहरु वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा तथा राय व्यक्त गर्ने क्रममा सम्बोधन गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन। हामीले तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

१	**सूचना प्रविधि प्रणाली** संस्थाको प्राय सबै कारोबारहरु सूचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरुलाई डाटाको गलत रिपोर्टिङ्ग हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं।	**लेखापरीक्षकको सम्बोधन** Data Backup को लागी संस्थाले अनुसरण गरेको नीति जाँच गरियो। हामीले सुचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरु पर्याप्त रहेको पायौं तथापी समयानुकुल सुधार गर्दै जानुपर्ने ठान्यौं। हामीले नमूनाको आधारमा ऋणको व्याज आम्दानी र निक्षेपको व्याज खर्चको जाँच गऱ्यौं। संस्थाको कारोवारको परिमाणलाई मध्येनजर गर्दा संस्थाले सुचना प्रणाली व्यवस्थापन नीति समय सापेक्ष तयार गरि अद्यावधिक गर्नुपर्ने ठान्यौ।
२	**आय कर व्यवस्था** संस्थाको कारोवारमा आय कर ऐन र नियमावली अनुसार करको गणनामा गल्ती हुन सक्ने र जरिवाना लाग्ने उच्च सम्भावनाको कारण हामीले आय करको व्यवस्थालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं।	**लेखापरीक्षकको सम्बोधन** आय कर ऐन, २०५८ र आय कर नियमावली, २०५९ मा भएको व्यवस्था हेरियो। संस्थाले व्यवस्था गरेको आय करको गणनाको जाँच गरियो। संस्थाले सम्पूर्ण कारोबारमा महानगरपालिकामा लाग्ने करको दर (२०%) ले आय कर व्यवस्था गरेको पाइयो।
३	**कानुनी अनुपालना** सहकारीले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन र अन्य ऐनहरुको अनुपालना गर्नुपर्ने हुन्छ। ऐन, नियमावली र निर्देशनको अनुपालना नहुँदा जरिवाना र दण्ड सजाय हुने हुँदा कानुनी अनुपालनालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं।	**लेखापरीक्षकको सम्बोधन** सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन, आय कर ऐन २०५८, आय कर नियमावली, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन/नियमावली/निर्देशन, र श्रम ऐन/नियमावलीको अनुपालना जाँच गरियो। नियामक निकायमा पेश गरिएको विवरणहरु जाँच गरियो। संस्थाले कानुनी अनुपालनामा अझै केही कुराहरु कार्यान्वयन गर्नुपर्ने ठान्यौ।

अन्य जानकारी

अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र लेखा तथा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभुत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्बन्धमा हामीले प्रतिवेदन दिनुपर्ने कुनै तथ्यहरु छैन ।

आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ । हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgement) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौँ ।

यस क्रममा, हामीले :

जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकुलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौँ । जालसाजी (fraud) मा मिलीभगत (Collusion), जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।

- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसंग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौँ, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरुको व्यवहारिकता (Reasonableness) तथा तीसंग सम्बन्धित खुलासाहरुको मुल्याङ्कन गरेका छौँ ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौँ । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयर सदस्यहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवदेन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मुल्याङ्कन गरेका छौँ ।
- लेखापरीक्षकको रायव्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौँ । हामी लेखापरीक्षणको निर्देशन, पर्यवेक्षण तथा कार्यसम्पादनको लागी जिम्मेवार छौँ । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेवार रहन्छौँ ।

हामीले शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौँ । शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासंग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौँ । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभावपार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौँ ।

अन्य कानूनी र नियमनकारी व्यवस्थाहरु सम्बन्धि प्रतिवेदन

माथि उल्लेखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सुचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सुचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) सहकारी ऐन २०७४ को दफा ३४(३) बमोजिम साधारण सभा बोलाउने निर्णय भईसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन नहुने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ । सदस्यले सदस्यता त्याग गर्दा सहकारी नियमावली २०७५ को नियम २४(१) बमोजिम शेयर रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको ३० दिन भित्र पाउन बाँकी शेयर लाभांश रकम र संरक्षित पूँजी फिर्ता बापतको रकम समेत फिर्ता गर्न सुझाव गरिन्छ ।

च) संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४, नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धि सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ मा भएका व्यवस्थाहरुको अनुपालना गरेको देखिन्छ । सदस्यहरुको कारोबारको जोखिम वर्गिकरणमा अझै थप काम गर्नुपर्ने देखिन्छ ।

छ) संस्थाले नेपाल लेखामान अनुसार स्थिर सम्पत्तिको ह्रास कट्टी र नेपाल लेखामान अनुसार स्थगन आय करको लेखाङ्कन गरेको पाइएन ।

एफसिए. राजकुमार फुयाल
प्रोप्राइटर

मिति : २०८१।०४।३१ गते
स्थान : पोखरा, कास्की ।

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

आर. के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
UDIN NO. 240821CA00893qDEPe

वित्तीय अवस्थाको विवरण (वासलात)
२०८१ साल असार मसान्त

विवरण	टिप्पणी	यस वर्ष	गत वर्ष
सम्पत्ति			
नगद तथा बैंक मौज्दात	४	७२२,२०२,९९५.८६	४५३,०१३,६१७.३१
लगानी हिसाब	५	३,४४१,४४३.२३	३,४२३,७१६.०६
सदस्यलाई दिएको ऋण सापटी	६	१,६७४,६१२,२३४.२६	१,७६२,३०६,६०४.५२
सम्पत्ति तथा उपकरण	७	३२,५०४,९८४.३७	२८,२२०,०३०.८२
अन्य सम्पत्तिहरु	८	१८,६६२,४८२.२५	१२,०८७,०९३.६४
गैर बैकिङ्ग सम्पत्ति		७०,४४९,१५०.००	३०,०१९,१५०.००
स्थगन कर सम्पत्ति		–	–
कुल सम्पत्ति		**२,५२१,८७३,२८९.९७**	**२,२८९,०७०,२१२.३५**
दायित्व			
तिर्न बाँकी बाह्य ऋण	९	–	–
सदस्यबाट संकलन गरेको निक्षेप	१०	१,९१४,९००,७६९.३७	१,६४२,२४३,१९२.२६
आयकर दायित्व	११	१२,९८५,१२१.१०	७,५५३,३४४.९८
कर्जा नोक्सानी व्यवस्था	१२	८१,८३४,४१३.००	८५,००१,७५०.००
अन्य दायित्वहरु	१३	११३,३४८,८८२.५२	१०९,९८७,९३८.४४
जम्मा दायित्वहरु		**२,१२३,०६९,१८५.९९**	**१,८४४,७८६,२२५.६८**
इक्विटी			
शेयर पूँजी	१४	१५०,२४०,०००.००	२१०,३९५,०००.००
जगेडा कोष तथा अन्य कोषहरु	१५	२४८,५६४,१०३.९८	२३३,८८८,९८६.६७
कुल पूँजी		**३९८,८०४,१०३.९८**	**४४४,२८३,९८६.६७**
कुल पूँजी तथा दायित्व		**२,५२१,८७३,२८९.९७**	**२,२८९,०७०,२१२.३५**

मिति : ३१/०४/२०८१
स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

विजया श्रेष्ठ
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

एफसिए राजकुमार फुयाल
प्रोप्राइटर

केशव प्रसाद ढकाल
सचिव

रुद्र कुमारी गुरुङ्ग
अध्यक्ष

ROYAL

आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

नाफा वा नोक्सान विवरण

२०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्मको

विवरण	टिप्पणी	यस वर्ष	गत वर्ष
ब्याज आम्दानी	१६	२८१,५६१,२४१.६७	२९९,६७०,४१५.५२
ब्याज खर्च	१७	१७२,९२९,४८८.०५	१७३,१४०,९०९.९८
खुद ब्याज आम्दानी		**१०८,६३१,७५३.६२**	**१२६,५२९,५०५.५४**
अन्य सञ्चालन आम्दानी	१८	११,४३०,४४९.४९	१४,५५१,८६४.९१
कुल सञ्चालन आम्दानी		**१२०,०६२,२०३.११**	**१४१,०८१,३७०.४५**
कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)	१२	(३,१६७,३३७.००)	११,२२३,५६९.००
खुद सञ्चालन आम्दानी		**१२३,२२९,५४०.११**	**१२९,८५७,८०१.४५**
सञ्चालन खर्च			
कर्मचारी खर्च	१९	३४,९८८,२५३.००	३२,७३१,८७३.००
प्रशासनिक खर्च	२०	१६,०४७,९०३.०५	१६,९४७,६३१.९६
ह्रासकट्टि खर्च	७	३,८४३,८३९.४३	२,६८२,३८६.९४
सञ्चालन नाफा		**६८,३४९,५४४.६३**	**७७,४९५,९०९.५५**
गैर सञ्चालन आम्दानी	२१	-	-
गैर सञ्चालन खर्च	२२	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा		**६८,३४९,५४४.६३**	**७७,४९५,९०९.५५**
कर्मचारी बोनस खर्च		६,२१३,५९४.९७	५,०६९,८२५.८६
आयकर अघिको नाफा		**६२,१३५,९४९.६६**	**७२,४२६,०८३.६९**
आयकर खर्च	११		
चालु आयकर		१२,९८५,१२१.१०	७,५५३,३४४.९८
स्थगन कर आम्दानी/खर्च		-	-
खुद नाफा/(नोक्सान)		**४९,१५०,८२८.५६**	**६४,८७२,७३८.७१**

मिति : ३१/०४/२०८१

स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

विजया श्रेष्ठ
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

एफसिए राजकुमार फुयाल
प्रोप्राइटर

केशव प्रसाद ढकाल
सचिव

रुद्र कुमारी गुरुङ्ग
अध्यक्ष

आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

नगद प्रवाह विवरण
२०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्मको

विवरण	यस वर्षको	गत वर्षको
कारोबार सञ्चालनबाट भएको नगद प्रवाह		
आयकर व्यवस्था पछिको खुद नाफा	४९,१५०,८२८.५६	६४,८७२,७३८.७१
ह्रासकट्टि खर्च	३,८४३,८३९.४३	२,६८२,३८६.९४
	५२,९९४,६६७.९९	**६७,५५५,१२५.६५**
सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)		
सदस्यबाट निक्षेपमा वृद्धि/(कमि)	२७२,६५७,५७७.११	६७,८३६,३८८.५७
अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि)	८,७९२,७२०.२०	२,३४९,८४३.९४
सदस्यलाई दिएको कर्जा सापटीमा (वृद्धि)/कमि	८७,६९४,३७०.२६	६१,४१९,८८०.३५
अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि	(४७,००५,३८८.६१)	(१३,१२९,७४१.०५)
ऋण नोक्सानी कोष व्यवस्था वृद्धि/(कमि)	(३,१६७,३३७.००)	११,२२३,५६९.००
कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)	**३७१,९६६,६०९.९५**	**१९७,२५५,०६६.४६**
लगानीबाट भएको नगद प्रवाह		
लगानीमा कमी/(वृद्धि)	(१७,७२७.१७)	१०९,९८३,३७७.७५
स्थिर सम्पत्ति (खरिद)/बिक्री	(८,१२८,७९२.९८)	४९१,२३८.३०
लगानीबाट खुद नगद प्रवाह (ख)	**(८,१४६,५२०.१५)**	**११०,४७४,६१६.०५**
वित्तीय कारोबारबाट भएको नगद प्रवाह		
शेयर पूँजीमा वृद्धि	(६०,१५५,०००.००)	६२२,६००.००
बाह्य ऋणमा वृद्धि/(कमि)	–	–
कोषहरुका वितरण समायोजन	(३४,४७५,७११.२५)	(२९,१७५,५७४.४९)
वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)	**(९४,६३०,७११.२५)**	**(२८,५५२,९७४.४९)**
यस अवधिको खुद नगद प्रवाह (क+ख+ग)	**२६९,१८९,३७८.५५**	**२७९,१७६,७०८.०२**
नगद तथा बैंकको शुरुवाती मौज्दात	४५३,०१३,६१७.३१	१७३,८३६,९०९.२९
नगद तथा बैंकको अन्तिम मौज्दात	**७२२,२०२,९९५.८६**	**४५३,०१३,६१७.३१**

मिति : ३१/०४/२०८१

स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

विजया श्रेष्ठ
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

एफसिए राजकुमार फुयाल
प्रोप्राइटर

केशव प्रसाद ढकाल
सचिव

रुद्र कुमारी गुरुङ्ग
अध्यक्ष

ROYAL

आर.के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

नाफाको बाँडफाँड हिसाव

२०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्मको

विवरण	प्रतिशत	यस वर्षको	गत वर्षको
यस वर्षको मूनाफा		४९,१५०,८२८.५६	६४,८७२,७३८.७१
साधारण जगेडा कोष	२५	१२,२८७,७०७.१४	१६,२१८,१८४.६८
संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा		**३६,८६३,१२१.४२**	**४८,६५४,५५४.०३**
बाँडफाँड			
संरक्षित पूँजी फिर्ता कोष	२५	९,२१५,७८०.३५	१२,१६३,६३८.५१
